का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १८८

❐ ७ भदौं २०७८, सोमबार

❐ 23 August 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



*कालीकोट र दैलेखको सिमाना रहेको महाबैधाममा पूजा गर्न आएका भक्तजन । तस्बिर: भिमबहादुर रावल*

## पार्टी छान्नै सकस

प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमाले विभाजित भएर चार समूह बन्दा कार्यकर्तामा भने कता लाग्ने भन्ने ठूलो सकस देखिन्छ ।





**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ६ भदौ ।

९ भदौमा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेकपा एमाले वैधानिक रुपमा विभाजित बन्दैछ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा दर्ता भएको नेकपा एकीकृत समाजवादीलाई वैधानिकता दिनुअगाडि सनाखतका लागि निर्वाचन आयोगले ९ भदौमा बोलाएको छ । त्यसदिन माधव नेपालले केन्द्रीय कमिटी वा संसदीय दलमा २० प्रतिशत पुऱ्याउन सकेमा एमाले वैधानिक रुपमै विभाजित हुनेछ ।

अहिलेसम्म कायम परिस्थिति हेर्दा नेकपा एमाले त्यसदिन वैधानिकता रुपमै विभाजित हुनेछ । किनकि माधव नेपालले ५८ केन्द्रीय सदस्यको नामावली गएको २ भदौमा बुझाएका छन् । ती ५८ जना कायमै रहेको, बरु सत्तामा जाने तयारी भएकाले थप केन्द्रीय सदस्य आउने आउने दावी गरिएको छ । अझ ९ पदाधिकारी सहित ५७ नेता एकताको पक्षमा उभिएका छन् । ती नेताहरुको सम्बोधन अध्यक्ष केपी शर्मा ओलीले गर्न नसके माधव नेपालकै पार्टीमा जाने संभावना पनि धेरै छ ।

किनकि ती नेताहरु २०७१ को नवौं महाधिवेशन देखि माधव नेपालकै सँगै छन् । अध्यक्ष ओलीसँगको असहमति र असन्तुष्टि कायमै छ । अतः माधव नेपालको पार्टीले वैधानिकता पाउने संभावना धेरै छ । तर कार्यकर्ता पंक्तिमा भने कुन पार्टी छान्ने भन्ने सकस देखिएको छ । २४ वर्षपछि चार टुक्रा बनेको एमालेका प्रभावशाली नेताहरु अलगअलग समूहमा विभाजित भएकाले कार्यकर्ता पंक्तिमा सकस देखिन्छ ।

गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गर्ने अध्यक्ष ओलीको निर्णय पछि माधव नेपालको भने समानान्तर संगठन बनेको थियो । केन्द्रमा अलग्गै कमिटी नबनेपनि प्रदेश, जिल्ला, स्थानीय तह, जनसंगठन देखि प्रवासमा समेत समानान्तर संरचना कायमै छ । तर यो समूहमा रहेका सात पदाधिकारी सहित ९ जना स्थायी कमिटी नेता माधव नेपालसँग गएका छैनन् । यसर्थ माधव नेपाल समूहले बनाएको समानान्तर संरचनामा पनि कता लाग्ने भन्ने दुविधा देखिएको छ ।

तीन उपाध्यक्ष (युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र भीम रावल), एक उपमहासचिव (घनश्याम भूसाल), तीन सचिव (गोकर्ण बिष्ट, भीम आचार्य र योगेश भट्टराई, स्थायी कमिटी सदस्यहरु सुरेन्द्र पाण्डे र रघुजी पन्त माधव नेपालको नयाँ पार्टीमा गएका छैनन् ।

अहिले एमालेको पदाधिकारीका हिसाबले हेर्ने हो भने अध्यक्ष ओलीसँग भन्दा धेरै पदाधिकारी यो समूहमा छन् । अध्यक्ष ओलीसँग पाँच जना मात्रै पदाधिकारी छन् । स्वयम् आफू, महासचिव ईश्वर पोखरेल,

बाँकी पृष्ठ २ मा

# फेरि एकतामा ध्यान !




> सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले कम्युनिष्ट केन्द्र निर्माण गर्न अन्य दलसँग पार्टी एकताको पहल गर्ने निर्णय गरेको छ । गएको फागुनमा अदालतको फैसलासँगै पुनर्स्थापित माओवादी केन्द्रले एकतामा जोड दिने निर्णय गर्नुलाई चासोका साथ हेरिएको छ । किनकि नेकपा एमाले विभाजन गरी पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले भर्खरै नयाँ दल बनाएका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ भदौं ।

नेकपा माओवादी केन्द्रले अरु पार्टीहरुसँग एकता र ध्रुबिकरण गर्ने निर्णय गरेको छ । आइतबार पेरिसडाडाँमा बसेको स्थायी कमिटी बैठकले कम्युनिष्ट क्रान्तिकारी शक्तिसँग एकता र ध्रुबिकरण गर्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए । "कम्युनिष्ट क्रान्तिकारी शक्तिसँग एकता र ध्रुवीकरण गर्ने गर्न वार्ता तथा पहल गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ", प्रवक्ता श्रेष्ठले भने ।

नेताहरुको कार्यविभाजन गर्न बसेको बैठकले अन्य कम्युनिष्टहरुसँग एकता गर्ने निर्णय गरेको हो । "एकता र ध्रुवीकरण गर्नका निम्ति संभावना रहेका दलहरुसँग वार्ता गर्ने निर्णय गरिएको छ", श्रेष्ठले भने । माओवादी केन्द्रले हठात् पार्टी एकताको निर्णय प्राथमिकताका साथ लिनुलाई चासोका साथ हेरिएको छ ।

किनकि प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमाले २ भदौमा मात्रै विभाजित भएको छ । पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पार्टी विभाजन गरी नेकपा एकीकृत समाजवादी दर्ता गरेका छन् । ९ भदौमा सनाखत गर्न निर्वाचन आयोगले बोलाएकाले केहीदिन भित्रै नयाँ दल बन्दैछ । एमाले विभाजन गरेका माधव नेपालको दल सरकारमा समेत सहभागी हुँदैछ । पेरिसडाडाँको स्थायी कमिटी बैठक पछि प्रवक्ता श्रेष्ठले माधव नेपालको दल दर्ता भएपछि मन्त्रिपरिषद् बिस्तार हुने बताए । गएको २९ असारमा प्रधानमन्त्री नियुक्त भएपनि शेरबहादुर देउवाले मन्त्रिपरिषद् बिस्तार गरेका छैनन् । नेपाली काँग्रेस र माओवादी केन्द्रका दुई/दुई जना मन्त्री प्रधानमन्त्री देउवासँगै नियुक्त भएका थिए । त्यस बाहेक १० साउनमा प्रधानमन्त्री देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरेका छन् ।

यसबाहेक मन्त्रिपरिषद् बिस्तार रोकिएको र माधव नेपालले दल दर्ता प्रक्रिया अगाडि बढाएको बेला माओवादी केन्द्रले पार्टी एकताको निर्णय गर्नुलाई चासोका साथ हेरिएको छ । माओवादी केन्द्रको यो निर्णयलाई चासोका साथ हेरिनुमा अरु दुई कारण समेत छन् । माधव नेपाल र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड अलग हुनु प्राविधिक विषय मात्रै थियो । प्रतिनिधिसभा विघटन गर्ने ५ पुसको केपी शर्मा ओलीको निर्णय लगत्तै प्रचण्ड र माधव नेपाल भएर अलग पार्टी बनाएका थिए ।

तर २३ फागुनमा सर्वोच्च अदालतले साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्दै एमाले र माओवादी केन्द्र अलग गरेको थियो । यो फैसला पछि माधव नेपालहरु एमाले बनेका थिए भने प्रचण्ड माओवादी केन्द्रका अध्यक्ष बनेका थिए । तर प्रचण्ड र माधव नेपालको कार्यगत एकता कायमै थियो । ७ जेठमा ओलीले फेरि प्रतिनिधिसभा विघटन गरेपछि प्रचण्ड र माधव नेपाल मिलेरै यसविरुद्ध लडेका थिए भने शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन महत्वपूर्ण भूमिका खेलेका

बाँकी पृष्ठ २ मा

# ३४ करोड बढीको ठगी दाबीमा ५ करोडभन्दा कम बिगो भराइयो

**रेशम राज पौडेल/मध्यान्ह**
काठमाडौं, ६ भदौ


महालेखा परीक्षकको कार्यालयले वैदेशिक रोजगार ठगी बढ्दै गएको भन्दै प्रभावकारी कानून तर्जुमा गरी लागू गर्न जोड दिएको छ । राष्ट्रपति विद्यादेवी भण्डारीलाई गत शुक्रबार पेश गरिएको महालेखाको ५८ औं वार्षिक प्रतिवदेनमा २०७८ मा वैदेशिक रोजगार ठगी रोक्न हालको कानूनी व्यवस्था अपर्याप्त रहेको उल्लेख गरिएको छ ।

हाल वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका व्यक्तिलाई दुवै पक्षको मिलापत्र, विभागको निर्णय तथा अदालतको आदेशमा क्षतिपूर्ति दिलाउने व्यवस्था छ । महालेखा परीक्षकको कार्यालयले यी तीनवटै तरिका अपनाउँदा पनि पीडितले समयका न्याय पाउन नसेकको टिप्पणी गरेको छ । पछिल्ला पाँच वर्षको उजुरी तथा फरफारकको अवस्था उल्लेख गर्दै प्रतिवेदनले ठगीका उजुरीहरु बढ्दै आएको दाबी गरेको हो । गत वर्ष व्यक्तिगत ३ सय ४१ उजुरीबाट २४ करोड ९८ लाख ६४ हजार रुपैयाँ मागदाबी गरिएकोमा २ सय १ उजुरीको २० करोड ५८ लाख ६५ हजार विगो दाबी गरी अदालतमा मुद्दा दायर भएको र संस्थागत अर्थात म्यानपावर कम्पनीतर्फ ९ सय १४ उजुरीबाट ३४ करोड ६७ लाख ६९ हजार रुपैयाँ मागदावी रहेकोमा जम्मा ४ करोड ९२ लाख ७० हजार रुपैयाँको विगो भराएको भन्दै प्रतिवेदनमा वैदेशिक रोजगार सम्वन्धी कानूनी तथा एकै प्रकारको सजायको नीतिगत कमजोरीले ठगीको संख्या तथा पीडितको दाबी दिनप्रतिदिन बढ्दै गएको उल्लेख गरेको छ । प्रतिवेदनले वैदेशिक रोजगारको ठगी कार्य नियन्त्रण गर्न नीतिगत पुनरावलोकन गरी उजुरी फरफारक गर्नुपर्ने उल्लेख गरेको छ । प्रतिवदेनले वैदेशिक रोजगार ऐनको दफा ५१ ले वैदेशिक रोजगारमा गएका तथा जाने प्रक्रियामा रहेका कामदार ठगीमा परेमा विभागले वैदेशिक रोजगार व्यवसायीले राखेको धरौटीबाट कामदारलाई क्षतिपूर्ति भराई एक लाख रुपैयाँ जरिवाना गर्ने, इजाजतपत्र रद्ध गर्ने तथा धरौटी रकम नपुग भएमा इजाजतपत्रवालाको जायजेथाबाट असुल गर्ने व्यवस्था भएपनि व्यवहारमा उक्त कार्य नगरेको टिप्पणी गरेको छ । प्रतिवेदनमा भनिएको छ, 'विभागले यो वर्ष विभिन्न ४ इजाजतपत्रवालाबाट ठगी भई इजाजतपत्रवालाको धरौटी खातामा रहेको

बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### महानिर्देशक दवाडीले लिए अवकाश



काठमाडौं/मस- वैदेशिक रोजगार विभागका महानिर्देशक कृष्ण प्रसाद दवाडीले सेवाबाट अवकाश लिएका छन् । दवाडी गत वैशाख ५ गते विभागको महानिर्देशकको जिम्मेवारीमा आएका थिए । त्यसअघि उनी शहरी विकास मन्त्रालयको प्रशासन महाशाखा प्रमुख थिए ।

करिब ४ महिनाको सेवापछि दवाडीले उमेरहदका कारण सेवाबाट अवकाश लिएका हुन् । उनलाई शुक्रबार विभागका कर्मचारीहरुले आनन्दमयी अवकाश जीवनको शुभकामनाका साथ उपहार प्रदान गरी बिदाइ गरे ।

वैदेशिक रोजगार क्षेत्रका जानकार दवाडी त्यसअघि उनले वैदेशिक रोजगार कार्यालय ताहाचलमा कार्यलय प्रमुख र साउदी अरबस्थित नेपाली दूतावासमा श्रम काउन्सिलरको जिम्मेवारी सम्हालेका थिए । दवाडीको कार्यकालमा सुधारका केही कामहरु भएको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ ।

# नमूना अभियानले पलाएको आशा

**कृष्ण दर्नाल/रासस**
पाल्पा, ६ भदौ

छोरीको शिक्षामा पहुँच बढाउन, सुरक्षित भविष्य बनाउन र सशक्तीकरणका लागि तानसेन नगरपालिकाले छोरी शिक्षा कार्यक्रम ल्याएको छ । नगरपालिकाले ल्याएको यस कार्यक्रमले यहाँका विपन्न परिवारका अभिभावकमा छोरीको उज्ज्वल भविष्यका लागि ठूलो आशा पलाएको छ । छात्राले कक्षा छाड्ने तथा दोहोऱ्याउने समस्या बढ्दै गएपछि नगरपालिकाले छोरी शिक्षा कार्यक्रमअन्तर्गत छात्रवृत्ति कार्यक्रम ल्याएको हो ।

यस कार्यक्रमअन्तर्गत विद्यालय जाने छात्राले वार्षिक रु १० हजार सुविधा पाउने भएका छन् । नगरभित्रका दलित, जनजाति तथा जेहेन्दार छात्राको सिकाइ प्रभावकारी बनाउने र कक्षा ८ देखि १० सम्मको अध्ययन पूरा गराउने योजनाका साथ यो कार्यक्रम ल्याएको नगर शिक्षा शाखाका प्रमुख रेशमलाल न्यौपानले बताए ।

उच्च शिक्षा हासिल गराउने, छात्राको अध्ययनलाई सीपमूलक, प्राविधिउन्मुख बनाउने, नेतृत्व क्षमता विकास गरी सार्वजनिक रोजगारीका क्षेत्रमा पहुँच बढाउने उद्देश्यले यो कार्यक्रम ल्याएको उनको भनाइ छ । छोरीलाई शिक्षा, सुरक्षा र सशक्तीकरण प्रदान गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रमुख न्यौपानेको भनाइ छ ।

उनले छोरीको शिक्षामा पहुँच बढाई उज्ज्वल भविष्य बनाउन, क्षमता अभिवृद्धि गर्न र उनीहरूको सुरक्षित भविष्यका लागि यो कार्यक्रम कोशेढुङ्गा साबित हुने बताए । छोरीलाई पढाएर मात्रै सुरक्षित बनाउन सकिने उल्लेख गर्दै उनले यस कार्यक्रममार्फत राज्य आम नागरिकसम्म पुगेको बताए । कार्यक्रमलाई अझै प्रभावकारी बनाउने योजनामा नगरपालिका रहेको प्रमुख न्यौपानेको भनाइ छ ।

प्रत्येक वडाबाट दलित दुई जना, जनजाति एक जना र अन्य दुई जना गरी पाँच जनाले छोरी शिक्षा कार्यक्रममा सहभागी हुन पाउने छन् । नगरपालिकाभित्र १४ वडाबाट कूल ७० छात्राले यो कार्यक्रमको सुविधा पाउने छन् । यो कार्यक्रम ल्याइसकेपछि नगरपालिकामा गरिब, पिछडिएका र दलित समुदायका घरपरिवार सबैभन्दा बढी खुसी भएका छन् । यस कार्यक्रमले छोरीमाथि हुने विभेद पनि कमी ल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

दलित अधिकारकर्मी तथा जनप्रिय माविका शिक्षक तीर्थप्रसाद गौतमले यस कार्यक्रमले विपन्न परिवारका छोरीलाई पढाउनका लागि ठूलो सहयोग पुग्ने बताउँदै यो कार्यक्रमले आर्थिक अभावका कारण विपन्न तथा जेहेन्दार छात्रालाई विद्यालय शिक्षा बीचमा नै रोक्नुपर्ने बाध्यता अब हटेको बताए ।

गरिबीका कारण सामाजिक तथा स्वास्थ्यकै कारण पनि बालबालिका विद्यालय शिक्षाबाट बञ्चित हुनुपरेको अवस्था छ । तानसेन नगरपालिकाभित्रकै ग्रामीण क्षेत्रमा किशोरी अध्ययन छाडेर बालविवाह गर्दा विद्यालय शिक्षाबाट बञ्चित हुनुपर्ने अवस्था छ ।

यता रिब्दीकोट गाउँपालिकाले दलित छात्राका लागि प्राविधिक शिक्षामा आकर्षण बढाउन ल्याएको छात्रवृत्ति

बाँकी पृष्ठ २ मा

# महेन्द्रनगर बेलडाँडीका कांग्रेस कार्यकर्ताद्वारा सहकारीको कार्यालय भवन तोडफोड

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ६ भदौ

बेलडाँडी गाउँपालिकास्थित बेलडाँडी महिला साना किसान कृषि सहकारी संस्था लि. को कार्यालय भवनमा नेपाली कांग्रेसका कार्यकर्ताले तोडफोड गरेका छन् । इलाका प्रहरी कार्यालय नजिक गाउँपालिका कार्यालयसँगै रहेको निर्माणाधीन कार्यालय भवनमा शुक्रबार तोडफोड गरिएको हो । स्थानीय तह निर्वाचनमा वडा सदस्यकी कांग्रेस उम्मेदवार शान्ति नाथको नेतृत्वमा कार्यालयमा ढुङ्गा प्रहार गरी तोडफोड गरिएको छ । तोडफोडमा कार्यालय भवनमा क्षति पुगेको छ । तोडफोड अघि उनीहरुले सम्झौता बहुउद्देश्यीय सहकारी संस्थाको बोर्ड तोडफोड गरेका थिए । सम्झौताको बोर्ड तोडफोडपछि उनीहरुले सहकारी भवनको निर्माणाधीन कार्यालयमा तोडफोड गरी क्षतिग्रस्त तुल्याएका छन् ।

सहकारी संस्थाकी अध्यक्ष कमला रेग्मी जोशीले सहकारी भवनमा ढुङ्गा प्रहार गरी तोडफोड गरिएको बताइन् । 'खै किन एकाएक आएर कार्यालय भवनमा ढुङ्गा प्रहारी गरी तोडफोड गरियो, भवनको केही भाग क्षति पुगेको छ' उनले भनिन्,'यो सहकारीसित के रिस थियो केही थाहा छैन ?' सहकारीको कार्यालय भवनमा तोडफोडपछि उनीहरु बिरुद्ध इलाका प्रहरी कार्यालयमा उजुरी दिइएको छ ।

प्रहरीले उजुरी दर्ता नगरी छलफल गरी सहमति गराउन खोजेको सहकारीका पदाधिकारीहरु बताउँछन् । बेलडाँडी गाउँपालिकाले दुई वर्ष अघि आफ्नो स्वामित्वमा हुने गरी सहकारीलाई भवन बनाउन जग्गा उपलब्ध गराएको थियो । गाउँपालिका र सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा सहकारीले कार्यालय भवन बनाएको हो । अहिले दोस्रो तलाको काम अघि बढाइएको छ । कांग्रेस कार्यकर्ताले गाउँपालिकाले सहकारीलाई भवन बनाउन जग्गा दिएको विरोधमा तोडफोड गरेको सहकारीका पदाधिकारीहरुको आशंका छ । तोडफोड अघि उनीहरुले सहकारीले सार्वजनिक जग्गा अतिक्रमण



गरी भवन बनाएको भन्दै गाउँपालिका कार्यालय र इलाका प्रहरी कार्यालयमा निवेदन दिएका थिए । ती दुबै निकायमा निवेदन दिएपछि कांग्रेस नेतृ नाथले केही स्थानीयलाई रासन कार्ड पाउने आश्वासन दिएर गाउँपालिका बोलाएर तोडफोड गराएको सहकारीका पदाधिकारीहरूले दावी गरेका छन् । नाथले रासन कार्ड लैजान गाउँपालिका बोलाएको तोडफोडमा संलग्न स्थानीय बताउँछन् । बेलडाँडी गाउँपालिकाले आफ्नो नाममा फिल्ड बुक कायम भएको जमिनलाई कार्यपालिकाबाट निर्णय गरी सहकारीलाई भवन बनाउन दिएको थियो ।

इलाका प्रहरी कार्यालय बेलडाँडीका इन्चार्ज प्रहरी निरीक्षक रबिन्द्र कठायतले सहकारीको भवन तोडफोड गरिएपछि उजुरी आएको बताए । 'उजुरी आएको छ, दुबै पक्षसित कुराकानी गरिरहेका छौं', उनले भने, 'उजुरी दर्ता गरी कसैलाई पनि पक्राउ गरिएको छैन ।'

बेलडाँडीका महिलाहरुले सञ्चालन गरेको यो सहकारीमा एक हजार तीन सय भन्दा बढी सदस्य छन् । शुक्रबार कांग्रेस कार्यकर्ताले भीमदत्त नगरपालिकामा पनि तोडफोड गरेका थिए ।

# केही व्यक्ति अलग हुँदैमा आत्तिनु पर्दैनः नेता भट्टराई

**प्रदिप ज्ञवाली/मध्यान्ह**
रुपन्देही, ६ भदौ

नेपाल कम्युनिष्ट पार्टी एमालेका केन्द्रीय कमिटी सदस्य एवम् राष्ट्रिय सभा सांसद खिमलाल भट्टराईले पार्टीबाट केहि व्यक्ति छुट्टिएर जाँदैमा निराश हुन नपर्ने बताएका छन् ।

रुपन्देहीको गैडहवा गाउँपालिकामा भएको युवाहरुको भेलामा सम्बोधन गर्दै उनले लामो समय पार्टीको नेतृत्व गरेका केही व्यक्तिहरु नै आज फेरि नेपालमा अस्थिरता सिर्जना गर्ने तत्वको भरिया बनेर नेकपा एमालेलाई कमजोर बनाउन सकिन्छ कि भनेर विभिन्न स्वार्थ र पदको लोभले अर्को पार्टी बनाउन गएको बताए ।

नेकपा एमालेका युवा नेता भट्टराईले नेकपा (एमाले) प्रगतिशील, जनपक्षीय पार्टी भएकाले हावाहुरी चल्नासाथ विचलित हुने पार्टी नभएको बताए । उनले नेपालको शक्तिशाली पार्टी र आम जनसमुदायको मनमनमा बस्न सफल भएको पार्टी नेकपा एमाले भएकोले यसमा आवद्ध भई सामाजिक जागरणको नेतृत्वदायी भूमिका निर्वाह गर्न युवाहरुलाई आह्वान समेत गरेका थिए । राष्ट्रियसभा सदस्य तथा नेकपा एमालेका प्रमुख सचेतक समेत रहेका भट्टराईले रुपन्देहीको क्षेत्र नं. ५ मा नेपाली कांग्रेसले १५ वर्ष शासन गर्दा समेत कुनै परिवर्तन ल्याउन नसकेको भन्दै अब यस क्षेत्रको नेतृत्व नेकपा एमालेले गर्छ र परिवर्तन ल्याउँछ भन्नेमा युवाहरुलाइ ढुक्क हुन आग्रह गरे । उनले नेकपा एमालेको नेतृत्वमा गैडहवामा वस्ती विकास, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका सबै क्षेत्रमा आमुल परिवर्तन गर्ने समेत बताए । कार्यक्रममा नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका सचिवालय सदस्य तथा संगठन विभाग प्रमुख भुमिश्वर ढकालले नेकपा एमालेको नेतृत्वमा रहेको सरकारलाई विस्थापन गर्न, पार्टीलाई विभाजन गर्न र विरोधीहरूलाई सघाउ पुऱ्याउन मुख्य भूमिका खेल्ने तत्व र प्रवृत्तिको विरुद्धमा एकजुट भई पार्टीलाई शुद्धिकरण गर्ने अभियानमा जुट्न युवा शक्तिलाई अपिल गरेका थिए । क्षेत्र नं.५ (१) बाट निर्वाचित प्रदेशसभा सदस्य समेत रहेका ढकालले अहिलेको गठबन्धनको सरकारले एकपछि अर्को गर्दै जनताको हित विपरितका असंवैधानिक र अलोकतान्त्रिक गतिविधिहरु गर्दै गइरहेको हुँदा त्यसका विरुद्ध एकजुट भएर खवरदारी गर्न युवाहरुलाई आह्वान गरे । कार्यक्रममा राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय उपाध्यक्ष सुमन पुरी, जिल्ला संयोजक मनोज गौचन शिक्षक संगठनका गैडहवा गाउँ कमिटी संयोजक सञ्जयकुमार यादव, विद्यार्थी नेता सन्दिप गुप्ता लगायतले बोलेका थिए भने राष्ट्रिय जनकलाकार प्रिया भण्डारीले आफ्नो प्रस्तुती मार्फत मनोरञ्जन प्रदान गरेका थिए । नेकपा एमाले गाउँ कमिटी अध्यक्ष भुवन रानाको अध्यक्षतामा र सचिव कृष्णशंकर गुप्ताको सञ्चालनमा सम्पन्न भएको युवा भेलामा मिन भट्टराई संयोजक, पदम थापा सहसंयोजक, रमेश जयसवाल सचिव रहेको १४६ सदस्यीय राष्ट्रिय युवा संघ नेपाल, गैडहवा गाउँ कमिटी गठन गरेको छ ।

## कपिलवस्तुमा जनैपूर्णिमा तथा रक्षाबन्धन धुमधामका साथ मनाइयो

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु ६ भदौ

जनैपूर्णिमा तथा ऋषितर्पणी पर्व कपिलवस्तु जिल्लामा धुमधामका साथ मनाएको छ ।

प्रत्येक वर्षको श्रावण शुक्ल पूर्णिमाका दिन जनैपूर्णिमा पर्व मनाउने प्रचलन रहेको छ । यस दिन आत्मशुद्धि र शरीरको रक्षाका लागि पुरोहितको हातबाट नाडीमा रक्षाबन्धन बाँध्ने प्रचलन रहेको छ । दाजुभाईहरुको दीर्घायु तथा सुस्वास्थ्यको कामना गर्दै दिदी बहिनीहरुले आफ्ना दाजुभाइहरुलाई नाडीमा राखी बाँध्ने समेत चलन रहेको छ । त्यस्तै स्नान गरी ब्राह्मणले मन्त्रेको जनै पनि लगाउने चलन छ । जनैपूर्णिमाका दिन मास, भटमास, केराउ, चना, सिमी, बोडी लगायत नौ थरिका गेडागुडी मिसाएर बनाइएको क्वाँटी खाने चलन रहेको छ । आइतबार बिहानै देखि कपिलवस्तु जिल्लामा रहेका सम्पूर्ण धार्मिक स्थलहरुमा श्रद्धालु भक्तजनहरुको घुईंचो लागेको थियो ।

## लियो क्लब अफ कपिलवस्तुद्वारा तौलिहवा बाल गृहमा रक्षाबन्धन कार्यक्रम

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ६ भदौ

कपिलवस्तुमा संचालित लियो क्लब आफ कपिलवस्तुद्वारा बाल गृह तौलिहवामा रक्षा बन्धन कार्यक्रम सम्पन्न गरेको छ । तौलिहवामा रहेको बाल गृहमा विभिन्न बालबालिकाहरुद्वारा रक्षा बन्धन बाँधेर(लगाएर) शुभकामना आदान प्रदान गरिएको छ । कोरोना महामारीको भयावह अवस्थाको कारणले केही बालबालिकाहरुद्वारा मात्र रक्षा बन्धन बाँधेर भएपनि कार्यक्रम सम्पन्न गरेको हो । बालगृहमा रक्षाबन्धनका साथै बालबालिकाहरुलाई विभिन्न प्रकारका फलफूलहरु समेत प्रदान गरिएको छ । कोरोना महामारीको बेला मात्र नभई विभिन्न अवस्थामा यस लियो क्लब अफ कपिलवस्तुले यस्ता विभिन्न सहयोगि कार्यक्रमहरु गर्दै आएको भनि यस लियो क्लब आफ कपिलवस्तुका अध्यक्ष पाण्डव भण्डारीले मध्यान्हलाई बताए ।

बालगृहका सम्पूर्ण बालबालिकाहरुको हकअधिकारका लागि सँधै आफूले सहयोग गरिरहने र यस लियो क्लब अफ कपिलवस्तुको लागि पनि आफ्नो तर्फबाट सधैँ सहयोग गरिरहने कार्यक्रमका प्रमुख अतिथि, प्रेस युनियनका अध्यक्ष गोपाल भण्डारीले प्रतिवद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा राम प्रसाद अर्याल (बालगृह क.व.), हरिशचन्द्र खनाल (पर्यटन विकास समिति क.व.), प्रविण गौतम (लियो क्लब), लक्ष्मण सापकोटा, मधुसुदन गन्धर्व, मनिषा गैरे, मेरिना मिदुन, आमृत सापकोटा ,पारस लम्साल, अस्मिता खराल लगायतको उपस्थिति रहेको थियो ।

## ओम शान्ति आश्रममा सामूहिक रक्षाबन्धन

**पवन जायसवाल/मध्यान्ह**
बाँके, ६ भदौ

हिन्दू धर्मावलम्वीहरुले महान साँस्कृतिक पर्व जनै पूर्णिमा तथा रक्षाबन्धन देशभर शनिबार मनाइएको छ ।

कोरोना भाइरस संक्रमणको विषम परिस्थितिका कारण विगत वर्षहरुमा झैँ धेरै चहलपहल नभएपनि आफ्नो धर्म, संस्कृति र परम्परालाई जोगाउनका लागि सामाजिक दूरी कायम गरी तराईमा राखी पर्व समेत मनाइएको छ । यसैक्रममा स्थानीय व्रह्माकुमारी इश्वरीय विश्वविद्यालय नेपालगन्ज सेवा केन्द्रमा प्रेम, स्नेह र सद्भावको पवित्र पर्व रक्षाबन्धनको अवसरमा करीब ३ सय जनाले केन्द्रका ब्रह्माकुमारीहरुद्वारा जिल्लाका उच्च पदाधिकारी, विशिष्ट व्यक्तित्व, नागरिक अगुवाहरु लगायत केन्द्रका सदस्यहरुलाई राखी बन्धन गरिएको छ । सो अवसरमा नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख डा. धवल शम्शेर राण, प्रमुख जिल्ला अधिकारी शिवलाल गेलाल, जिल्ला प्रहरी प्रमुख रामकृष्ण अधिकारी, नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान केन्द्रीय सदस्य कृष्ण प्रसाद श्रेष्ठ, आयुर्वेद अस्पताल बाँकेका अध्यक्ष जनक राम भण्डारी, वरिष्ठ बालरोग विशेषज्ञ डा. विनोद खेतान, जनमतका सम्पादक पूर्ण लाल चुके लगायत विशिष्ट व्यक्तित्व केन्द्रमा गई राखी बन्धन गरी शुभकामना आदान प्रदान गरेका थिए । उनीहरुलाई व्रह्माकुमारी इश्वरीय विश्वविद्यालय, नेपालकी उपनिर्देशक तथा क्षेत्रीय प्रमुख व्रह्माकुमारी दुर्गा र केन्द्रकी संचालिका व्रह्माकुमारी मुनाले राखी बन्धन गरेका थिए । कोभिड-१९ संक्रमणको जोखिम अझैं कायम रहेकोले यसपटक आउन चाहने महानुभावहरु आउन नसकेको केन्द्रका व्रह्माकुमारी दुर्गाले जानकारी दिइन् । विगतको भव्यतालाई सम्झँदै व्रह्माकुमारी इश्वरीय विश्वविद्यालय, नेपालकी उपनिर्देशक तथा क्षेत्रीय प्रमुख बाल व्रम्हचारिणी राजयोगिनी दुर्गाले भनिन्, 'हरेक वर्ष केन्द्रमा आउने स्थानीय सरकारी तथा गैरसरकारी विशिष्ठ व्यक्तित्व, सर्वसाधारण, केन्द्रका सदस्यहरु बाहेक घर जान नपाई पर्व मनाउन बञ्चित नेपालगन्ज कारागार, प्रहरी तथा सेनाका व्यारेकहरु, सीमा पारी एसएसबी व्यारेकका लगायतका कार्यरत कर्मचारी तथा जवानहरु र मजदुरहरुलाई समेत एक हजार जनाको संख्यामा राखी बाँध्ने गरिन्थ्यो, तर गत वर्ष र यसपटक सम्भव भएन ।' यस्तै कोहलपुर आश्रममा पनि करिब २५० जनाले रक्षाबन्धन गरेको कोहलपुरका सञ्चालिका व्रह्माकुमारी इन्दिराले दिइन् ।

# नागरिक पार्टी मोरङको जिल्ला तथा नगर समितिको संयुक्त बैठक सम्पन्न

**कमला भट्टराई/मध्यान्ह**
बिराटनगर,६ भदौ

नेपाली नागरिक पार्टी मोरङ जिल्ला अन्तर्गत जिल्ला र विराटनगर महानगरपालिका स्तरीय संयुक्त बैठक सम्पन्न भएकों छ ।बैठक पार्टी मोरङ जिल्ला संयोजक प्रकाश नारायण चौधरीको अध्यक्षता र पार्टी केन्द्रीय अध्यक्ष रामचन्द्र बानियां क्षेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

बैठकमा पार्टी केन्द्रीय सदस्य बिनोद यादब (सप्तरी), कोशी व्यूरो इन्चार्ज राज कुमार गिरी (धनकुटा), मोरङ जिल्ला इन्चार्ज बीरेन्द्र ढूंगेलको मुख्य उपस्थिति रहेको थियो ।

बिराटनगरस्थित दिब्य रत्न होटलमा सम्पन्न उक्त संयुक्त बैठकको उद्घाटन गर्दै केन्द्रीय अध्यक्ष क्षेत्रीले देशमा बढ्दो राजनीतिक हस्तक्षेप र बिदेशी चलखेलका कारण देश बिघटनको बाटोतिर अघि बढेको बताए । अध्यक्ष क्षेत्रीले बिद्यमान समस्याहरुको समाधान संविधान संशोधन सभामार्फत गर्न र देशका बहुसंख्यक आम नागरिकले उठाउदै आएको 'सनातन हिन्दूराष्ट्र नेपालको स्थापना' का लागि सडक र राजनीतिक मोर्चाको संघर्षबाट टुंग्याउन नागरिक तप्का प्रतिबद्ध भएर अघि बढनु पर्नेमा जोड दिए ।आगामी ६ महिने पार्टी-संगठन सुदृढ़ीकरण, बिस्तार तथा 'सनातन हिन्दूराष्ट्र नेपाल निर्माण अभियान' संचालन गर्ने निर्णयका साथ सम्पन्न भएकों उक्त संयुक्त बैठकले राष्ट्रियता, बैकल्पिक लोकतन्त्र र नागरिक प्रतिको उत्तरदायित्वका पक्षमा सबैलाई सचेत गराउदै मूल्यवृद्धि, भ्रष्टाचार, कालाबजारी, माफिया लगायत देशी-बिदेशी चलखेलको अन्त्य, राष्ट्रघात र दलालीकरणकोविरुद्ध नागरिक सहभागिताममा संघर्ष तथा नागरिक दबाबमूलक कार्यक्रम गर्दै सनातन हिन्दूराष्ट्र नेपालको पक्षमा आम नागरिकलाई सुसूचित र संगठित गर्ने निर्णय गरेको छ ।

सम्पन्न संयुक्त बैठकले परमेश्वर कामतीको अध्यक्षतामा पार्टीको २१ सदस्यीय मोरङ जिल्ला समिति पनि गठन गरेको छ । समितिको उपाध्यक्ष नन्दलाल झा, सचिव शौरभ देब, उप सचिव पिंकी यादब, सह सचिव महेन्द्र मिश्र र कोषाध्यक्ष राम पोखरेल चयन भएका छन् भने त्पार्टीको विराटनगर महानगरपालिकास्तरीय समितिको अध्यक्षमा संजय गोइत, उपाध्यक्षमा मेघराज पोखरेल, सचिवमा राजु घिमिरे, उप सचिवमा आशिष त्रिताल, सह सचिवमा मनिषा रजक र कोषाध्यक्षमा आशिष पोखरेल मनोनयन भएका छन् ।

पार्टीको मोरङ जिल्ला समिति ३१ सदस्यीय र विराटनगर महानगरपालिका समिति १९ सदस्यीय पनि गठन भएको छ ।

# लायन्स क्लव अफ बाँसबारीको पदस्थापनमा २ पत्रकारलाई सम्मान

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ६ भदौ

लायन्स क्लव अफ बाँसबारी सुन्दरहरैंचाले पदस्थापन कार्यक्रमको अवसर पारेर २ पत्रकारलाई सम्मान गरेको छ । क्लवले पदस्थापन कार्यक्रमको अवसर पारेर सञ्चार क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै मकालु टेलिभिजनका पत्रकार रेवती निरौला र रातोतारा डटकमका पत्रकार शिव भट्टराई भोजपुरेलाई सम्मान गरेको हो ।

कार्यक्रममा लायन्स ३२५ ए वान डिष्ट्रिक गभर्नर लायन रेवतबहादुर कार्की, लायन्स क्लव अफ बाँसबारीका इमिडेट पास्ट प्रेसिडेन्ट तथा जोन चियर पर्सन मनिता दंगाल र वर्ष ०२२/०२३ का प्रेसिडेन्ट प्रकाश सिग्देलले दुवै जनालाई नगद र प्रसंशापत्रसहित सम्मान गरेका थिए । कार्यक्रममा स्थानीय सावित्रा अधिकारी सिग्देललाई पनि सम्मान गरिएको छ । सोही कार्यक्रममा लायन्स क्लव अफ बाँसबारीले यसै वर्ष स्थापना गरेका लायन्स क्लव अफ इटरी बुद्ध, लायन्स क्लव अफ सलकपुर, लायन्स क्लव अफ मोरङ र लियो क्लव अफ बाँसबारीलाई चार्टर सर्टिफिकेट हस्तान्तरण गरिएको छ । इन्टलेसन अफिसर समेत रहेका लायन्स ३२५ ए वान डिष्ट्रिक गभर्नर लायन रेवतबहादुर कार्कीले सलकपुरका प्रेसिडेन्ट निशम कार्की, इटहरी बुद्धका प्रेसिडेन्ट जीवन दंगाल, मोरङका प्रेसिडेन्ट मदन ओझा र लियो क्लवका प्रेसिडेन्ट मदन भण्डारीलाई चार्टर सर्टिफिकेट हस्तान्तरण गरेका थिए । साथै उनले नयाँ स्थापित भएका क्लवका सदस्यहरु र लायन्स क्लव अफ बाँसबारीका सदस्यहरुलाई पिन समेत प्रदान गरे । तीन वटा लायन्स क्लव र एउटा लियो क्लबबाट गरि जम्मा ८६ जनालाई पीन हस्तान्तरण गरी सदस्यता प्रदान गरिएको लायन्स क्लव अफ बाँसबारीका सचिव प्रदीप विष्टले जानकारी दिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुन्दरहरैंचा नगरपालिका प्रमुख शिव प्रसाद ढकालले लायन्सले समाजसेवाको क्षेत्रमा उल्लेख्य काम गरेको भन्दै नगरपालिकाको तर्फबाट सँधै साथ र सहयोग रहने प्रतिवद्धता जनाए । कार्यक्रममा सुन्दरहरैंचा नगरपालिका उपप्रमुख धनमाया तामाङ, सुन्दर हरैंचा वडा नम्बर ४ का वडाध्यक्ष शैलेन्द्र श्रेष्ठ, कार्यपालिका सदस्य तारा घिमिरे, लायन्सका एरिया ग्याट लिडर खगेन्द्र सिटौला, इम्प्याक्ट एरिया चिफ टंककुमारी गुरुङ, पास्ट डिष्ट्रिक गभर्नर लिलाकुमार ढुंगेल लगायतका लयान्सका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

**रौतहट डायरी**
इसत्याक अहमद/मध्यान्ह

# कोरोना संक्रमणलाई मध्यनजर राख्दै रौतहटको राजपुरमा मोहर्रम पर्व मनाइयो

रौतहट जिल्लामा इस्लाम धर्मावलम्वी मुस्लिमहरुका महान चाड मोहर्रम हर्सोल्लासका साथ मनाइएको छ । लगभग १३८२ वर्ष पहिला सन् ६१ हिजरीमा जब ईस्लाम माथि एजिदोनेले हमला गरे अर्थात एजिदीहरु जुन ईस्लाम जायज जसलाई नजायज बनाउनलाई जुन हराम छ उसलाई हलाल (राम्रो) गर्न लाई अच्चछाई (सत्यता) छ त्यसलाई मेटाउनलाई एउटा एजिद नामका मानिस जुन हजरत अमिर माबियाको छोरा इजिद थियो ।

जब यो कुरा गरे त्यतिबेला मक्का मदिना दमिस्क एहाक र त्यसको अलावा देश माथि उसले जबरजस्ती हुकुमुत गर्न थाले जबा एमामे हुसेनले उस्को खिलाफ अवाज उठाउन थाले एमामे हुसेन जुन इस्लामको धर्म गुरु हजरत सल्लाहो ताला वोय वसल्लम को (नेवासा) छोरी को छोरा जमिए एजिदले एमामे हुसेन सित वाएत (समर्थन) गर्न भने कि मेरो पछाडि तिमी हिडाँ तबा एमामे हुसेनले त्यसको कुरा मानेनन् ।

एजिद एउटा जालिम, जाबिर, जनाकार, सराबी, बुराईलाई अगाडी बढाउने मान्छे थियो त्यस कारण एमामे हुसेनले उसको समर्थन नगर्न भने पछि मुलके एराक एउटा शहर कोफाको नजिक जुन फरात नदीको किनारमा एउटा मैदान थियो जसको नाम करबला थियो ।

उक्त ठाउँमा धोका दिएर एमामे हुसेनलाई बोलाएर १० मोर्हरममा उनीसँग लडाईं भयो । एमामे हुसेनसँग बच्चा, आईमाई तथा बुढा पाखाहरु मिलाई ७२ जना थिए भने एजिद सँग २२ हजार जनाको फौज थियो दुई पछ बिच लडाई भयो र जसमा धेरै जनाको मृत्यु भएको कपिलवस्तुको एमाम जमा मस्जिद तौलिहवाका हजरत जनाब मौलाना अलि हसन निजामीले जानकारी दिए ।

उक्त लडाईंमा एमामे हुसेन पनि सहिद भएका थिए । यस कारण इस्लामिक मोर्हरम को १० तारिख जुनकी अरबी वर्षको पहिलो महिना हो । यसमा मुस्लिम समुदायका एक मुस्लिमहरु उनको यादमा व्रत बसी इस्लाम ग्रथंको कुरान सरिफ पढी आजको दिनमा आँसु पोख्दै दुःखका साथ जुन तरिकाले एमामे हुसेन सहिद भएका थिए करबलाको मैदानमा त्यसैको सम्झनामा लाखौं लाख रुपैयाँको तहाजिया बनाई दुखका साथ करबलाको मैदानमा लैजाने गरेको निजामीले बताए ।

यसमा हिन्दु धर्मावलम्वी पनि उनीप्रति अस्था राखी दुःखका साथ करबलामा जने गरेका छन् । हिन्दु धर्मावलम्बीहरुले पनि मुस्लिम धर्मालम्बीहरु जत्तिकै यस चाडपर्व मोहर्ररमलाई हर्सौलासका साथ मनाउने गरेका छन् ।

रौतहटको राजपुर नगरपालिका नगर प्रमुख मोहम्मद सकिल अख्तरसहित समाजसेवी र वडा अध्यक्ष शेख अनसारुल हक र वडा नं ६ का वडा अध्यक्ष शेख मोजरे असलम र युवाहरुको उपस्थितिमा शान्ति सुरक्षा कायम गरी मोहर्रम पर्व मनाएको राजपुर वडा नं ५ का वडा अध्यक्ष जयमंगल प्रसादले मध्यान्हलाई बताए ।

## पत्रकार मोजिबुलाको घटनाबारे बुझ्न अध्यक्ष अन्सारी रौतहटमा

लागूऔषध मुद्दामा फिल्मी शैलीमा फसाइएका रौतहटका पत्रकार मोहम्मद मोजिबुल्लासहित एक गुलाब बारे यथार्थ बुझ्न मुस्लिम आयोगका अध्यक्ष समिम मिया अन्सारी रौतहट आएका छन् ।

घटनाप्रति शुरुआत देखिनै चासो राख्दै आएका अन्सारी पीडित परिवार आग्रहमा जिल्ला प्रहरी कार्यालय रौतहट पुगि जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख र प्रवक्ता डिएसपी नारायण प्रसाद चिमोरिया लाई भेटी घटनाबारे यथार्थ बुझेका हुन् । घटना पछाडि अन्सारीले थुनामा रहेका पत्रकार मोहम्मद मोजिबुलालाई समेत भेटी घटना बारे बुझेका थिए । करिब १ घण्टा लामो छलफलपछि संचारकर्मीसँग कुरा गर्दै अन्सारीले घटना एकदमै दुःखद भएको र निर्दोषलाई न्याय दिलाउन नेपाल पत्रकार महासंघ रौतहटले खेलेको भूमिका सह्रानीय रहेको बताए । अध्यक्ष अन्सारीले अनुसन्धान पछि निर्दोषले न्याय पाउने र दोषीलाई सजाय हुनेमा आफू विश्वस्त रहेको बताए ।

**फेरि...**

थिए । अहिले देउवा नेतृत्वको सरकारमा माधव नेपाललाई सहभागी गराउने प्रयास भइरहेको छ ।

अर्कातिर ३ जेठ २०७५ मा एमालेसँग एकता गरेपछि छोडेको माओवादी पार्टी फेरि अदालतले ब्युताएको थियो । यो नाम परिवर्तन गर्ने प्रस्ताव गएको १ चैतकै बैठकमा प्रचण्डले राखेका थिए । अर्थात् रामबहादुर थापा बादल सहित २३ जना माओवादी केन्द्रका नेताहरु ओली नेतृत्वको एमालेमा लागेपछि प्रचण्डले पनि एकताको प्रयत्न कायमै राखेका थिए । आइतबार पार्टी एकताको निर्णय गरेर फेरि एकतामै जोड दिने संकेत माओवादीले गरेको छ ।

आइतबारको पेरिसडाडाँ बैठकले नेताहरुको कार्यविभाजन समेत गरेको छ । प्रदेश १ बाहेक ६ प्रदेशका इन्चार्ज माओवादीले तोकेको छ । प्रदेश १ मा भने राम कार्की र सावित्री काफ्ले मध्ये एकलाई इन्चार्ज बनाइनेमा सहमति जुट्न सकेन । बाँकी प्रदेशमा भने इन्चार्ज तोकिएको छ । प्रदेश २ मा गणेश शाह, बागमतीमा हितमान शाक्य, गण्डकीमा हितराज पाण्डे, कर्णालीमा शक्ति बस्नेत, सुदूरपश्चिम प्रदेशमा खगराज भट्ट इन्चार्ज तोकिएका छन् । माओवादी केन्द्रले जिल्ला समन्वय समितिका संयोजक चयन गर्ने जिम्मा प्रदेश कमिटीलाई दिइएको प्रवक्ता श्रेष्ठले बताए ।

**पार्टी....**

उपमहासचिव विष्णुप्रसाद पौडेल र दुई सचिवहरु प्रदीपकुमार ज्ञवाली र पृथ्वीसुब्बा गुरुङ मात्रै छन् । उपाध्यक्ष वामदेव गौतमले आफ्नै नेतृत्वमा राष्ट्रिय एकता अभियान चलाइरहेका छन् ।

माधव नेपालको पार्टीमा पूर्वप्रधानमन्त्री एवम् एमालेका पूर्वअध्यक्ष झलनाथ खनाल उभिएका छन् । खनाल एमालेका वरिष्ठ नेता हुन् । अर्थात्, एमालेका प्रभावशाली नेताहरु छिन्नभिन्न हुँदा एमालेका कार्यकर्ताहरुलाई पनि कून समूहमा उभिने भन्ने दुविधा देखिएको छ ।

**३४ करोड...**

रकम भन्दा २८ लाख ७५ हजार बढी क्षतिपूर्ति भुक्तानी गरेको छ । साथै अर्को इजाजतपत्रवालाले विभिन्न १० व्यक्तिबाट २१ लाख ४० हजार ठगी गरेको प्रमाण पुग्दा समेत १५ लाख ९९ हजार मात्र क्षतिपूर्ति भराएको छ । इजाजतपत्रवालाले राखेको धरौटी भन्दा बढी भुक्तानी तथा घटी क्षतिपूर्ति भएको ३४ लाख १६ हजार असुल गर्नुपर्दछ ।'

राखेको धरौटी भन्दा बढी भुक्तानी तथा घटी क्षतिपूर्ति भएको उल्लेख गरेपनि प्रतिवदेनमा कुन म्यानपावर कम्पनीसँग सम्बन्धित ठगीको घटना हो नाम भने उल्लेख गरेको छैन ।

**नमूना...**

कार्यक्रम प्रभावकारी हुन सकेको छैन् । फलस्वरुप यहाँका दलित बालबालिका विद्यालय अध्ययनबाट बाहिरै रहेका छन् ।

छोरा र छोरीमा विभेद नहोस्, छोरीले पनि छोरा समान पढ्न लेख्न पाउन् भन्ने उद्देश्यले सो गाउँपालिकाले आफ्नै स्रोतमा छोरी छात्रवृत्ति कार्यक्रम ल्याएको बताइएको छ ।

छोरीलाई पढाइमा सहयोग पुऱ्याउन छात्रवृत्ति कार्यक्रम लागू गरिएको गाउँपालिकाले जनाएको छ ।

# जनैपूर्णिमा, क्वाँटी पुन्ही : कोभिडका कारण छाएन उल्लास

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
भक्तपुर, ६ भदौ

कोरोनाका कारण हिन्दू धर्मावलम्बीहरूको पवित्र पर्व जनैपूर्णिमा त्यति उल्लास र हर्सोल्लास छाएन । ऋषितर्पणी,जनै पूर्णीमाका दिन पुरोहितबाट नयाँ जनै फेर्नुका साथै हातमा रक्षा(बन्धन बाँध्ने) परम्परा छ तर यसपटक मठ मन्दिरमा पहिलेजस्तो भिडभाड भने भएन । यसदिन बिहान नुहुवाइ धुवाइ गरी शुद्ध भई जौं, तिल र कुशले ऋषिहरुलाई तर्पण गरी वैदिक तरिकाले मन्त्रिएको नयाँ जनै फेर्ने चलन छ । यसै दिन ऋषिलाई तर्पण गर्ने भएकाले ऋषितर्पणी पनि भन्ने गरिएको हो । वेद अध्ययन गर्नु भन्दा अगाडी यज्ञोपवीत संस्कार (उपनयन) गरिसकेपश्चात जनै धारण गर्ने प्रचलन रहेको र देवताहरुका राजा ईन्द्रका पत्नी शशीले दानवहरुसँगको लडाईंमा विजय प्राप्त गर्न र शरीर रक्षाका लागि बृहस्पतीले मन्त्रिएको रक्षासुत्र बाँधिदिएका कारण यस्तो चलन चलेको सँस्कृतिविद विना पौडेलले बताइन् । उनका अनुसार जनैपूर्णिमाकै दिन मन्त्रेको जनै वर्षभरिका धार्मिक कर्ममा प्रयोग गरिन्छ ।



जनै पूर्णिमाका दिन आइतबार बङ्गलामुखी मन्दिर परिसरमा भक्तजनलाई डोरो बँध्दै पुरोहित । तस्बिर :रासस

### फेरिदैन नेवार पुरोहितको जनै

जनैपुर्णिमामा नेवार पुरोहितहरुको जनै फेरिदैन । पुरोहित सागर आचार्यका अनुसार वर्षभरी कर्मकाण्ड गर्दा जनै नटिक्ने र वर्षमा तीन, चारवटा जनै फेर्नुपर्ने हुन्छ । सकेसम्म पुर्णिमा पारेर जनै फेर्नुपर्छ भने यसरी जनै फेर्नेबेला कुलका ठुलाबडाबाट फेर्नुपर्ने र फेर्नेबेला पानीपनि नखाई कसैसँग नबोलि फेर्नुपर्ने आचार्य बताउँछन् ।

### रक्षासुत्र(जनै,डोरा) र राखीको सम्बन्ध

सांस्कृतिविदका अनुसार रक्षासुत्र भनेको एउटा जनै र अर्को हातमा लगाउने डोरो हो । सो रक्षासुत्र दिदीबैनीले दाजुभाइलाई लगाउने प्रसङ्ग कहिँ नभएको साथै महाभारतलाई आधार मानेर लेखिएको लोककथाका अनुसार राजपुतले यज्ञ गर्ने बेलामा हतियारले कृष्णको औंला अलिकति काटेको र महापुरुषको रगत भुईंमा खस्न नदिन द्रौपदीले आफुले लगाइरहेको सारीको सानो पल्ला च्यातेर बाँधिदिएकोले उनीहरुको सम्बन्ध दाजुबहिनी भएर स्थापित भएको भन्ने भनाइ छ ।

साथै पछिल्लो चरणको अर्को प्रसङ्ग अनुसार बलिराजा सत्यवादी भएको र उनलाई पदच्युत गर्नको निमित्त विभिन्न प्रयत्न गरी बिष्णु भगवानसँग पातलमा गई बसेको र स्वर्गमा उनीहरु विना सबै काम रोकिएर भद्रगोल भएको हुनाले लक्ष्मीले पातलमा गई दैत्यहरुका राजा बलिराजालाई रक्षासुत्र बाँधिदिई दाजुबैनीको सम्बन्ध स्थापित गराई माथिनै फर्काएको भन्ने कथन रहेकोले अहिले आएर राखीको प्रचलन बढेको संस्कृतिविद बताउँछन् ।

### राखी बान्ने प्रचलन बढ्दो

जनैपुणिमाका दिन तराईका दिदीबहिनीले दाजुभाइको नाडीमा राँखी बाँधेर दाजुभाईको चिर आयुको कामना गर्ने र दाजुभाइले आफुले सक्दो दिदीबहिनीलाइ दक्षिणा, उपहार दिएर मनाउने चलन पनि छ यस्तै नेवारी समुदायमा क्वाँटी खाएर अर्थात् भ्यागुताको पूजा गरेर पर्व मनाउने प्रचलन छ । जनैपूर्णिमामा डोरा भन्दा राखीको ब्यापार राम्रो हुँदै आएको व्यापारी न्हुछेभक्त ताल्चाभँडेल बताउँछन् । पहिले जस्तो राखी तराइबासी दाजुभाइले मात्र लगाउँदैनन् । अहिलेका प्रायः युवाहरुसबैले राखी बान्न रुचाउँछन् । यसको प्रभाव पहाडी जनसमुदायमा पनि प्रचलित हुँदै आएको छ तर कोभिडका कारण बजार त्यती भिडभाड नभएकोले व्यापार कम भएको बताउँछन् । जनैपूर्णेको दिन काठमाडौंको पशुपति, रसुवाको गोसाइँकुण्ड, ललितपुरको कुम्भेश्वर,भक्तपुरको दत्तात्रय, सिन्धुपाल्चोकको पाँचपोखरी, चौताराको रानीपोखरी, नौलिङ्ग, धनुषाको जनकपुरधाम, गंगासागर, जुम्लाको दानसाधु, नवलपरासीको त्रिवेणीधाम लगाएत बिभिन्न ताल, पोखरी र कुण्डमा मेला लाग्ने गर्दछ । यस दिन पितृहरुको नाममा तर्पण दिँदा मृत आत्माहरुको मनले शान्ति पाउने जनविश्वास पनि गरिएको छ ।

### नेवार समुदायमा क्वााटी र भ्यागुताको पूजा

नेवार समुदायले श्रावण शुक्ल पूर्णिमालाई गुँपुन्हीको रुपमा मनाउने गर्दछन् । गुँ पुन्हीको अर्थ नौ थरीका बिभिन्न गेडागुडी मिश्रण गरी केहिदिन अघि भिजाएर टुसा निकालेर पकायर क्वाँटी खाने प्रचलन छ । पछिल्लो समय यस्तो खानेकुरा नेवार समुदाय मात्र नभएर अन्य समुदायले पनि खाने गरेको छ । टुसा पलाएको पौष्टिक तत्वयुक्त क्वाँटी स्वास्थ्यलाई फाइदाजनक हुने चिकित्सकहरु बताउँछन् ।

यस दिन नेवारी समुदायका मानिसहरुले धुमधामका साथ भ्यागुताको पूजा पनि गर्छन् । भ्यागुतालाई पानीको प्रतीकका रुपमा लिइने भएकाले यसको रक्षा गर्न पूर्णिमाका दिन पूजा गरिँदै आएको हो । ताल, पोखरी, कुवा तथा पानीको तलाउमा भ्यागुता रहने र यसले पानीको बचाउ गर्छ भन्ने जनविश्वासका साथ यस दिन क्वाँटी दिएर पूजा गरिन्छ । क्वाँटीमा विशेषगरी मास, मुगी, केराउ, चना, राजमा, सिमी, भट्मास, मकै, बकुल्लालगायत कम्तीमा नौ थरी गुडागुडीको मिश्रणबाट बनाइन्छ । यसले शरीमा ताप कायम राख्ने र वर्षायाममा लाग्ने चिसोका कारण रोगबाट बच्ने शरीरलाई शक्ति दिने भएकाले यस दिन क्वाँटी खाने चलन रहेको भनाइ छ ।

पाल्पा डायरी
सुशीला रेग्मी/मध्यान्ह

# इलाका प्रशासन कार्यालय रामपुरमा नागरिकता लिनेको घुईंचो

इलाका प्रशासन कार्यालय रामपुरमा नेपाली नागरिकता बनाउनेको घुईंचो बढेको छ । तीन महिनासम्म कार्यालय प्रमुख बिहिन बनेको कार्यालयमा एक महिना अघि देखि जिल्ला प्रशासन कार्यालय पाल्पाबाटै टोली खटाएर सेवा दिन थालेपछि सेवाग्राहीको चाप बढ्दो छ । हाल दैनिक ७० देखि ९० वटा सम्म नेपाली नागरिकता बनेको छ । जिल्लाबाटै टोली खटिएर आएपछि मौका छोपेर सेवाग्राहीले नागरिकता बनाउने गरेको पाइएको छ । साथै रामपुर नगरपालिकामा राष्ट्रिय परिचय पत्र बनाउने कार्य भएकाले पनि नागरिकता बनाउने बढेका हुन् । सामान्यतया दैनिक १५ देखि २५ वटा नागरिकता बनाउने गरेकोमा अहिले दैनिक ७० देखि ९० वटा सम्म नागरिकता बनेको कार्यालयले जनाएको छ ।



कार्यालय प्रमुखकको अर्को व्यवस्था नहुँदासम्म जिल्ला प्रशासन कार्यालय पाल्पाले गत साउन ७ गते देखि बिहीबार र शुक्रबार हप्तामा दुई दिन प्रशासकिय अधिकृत खटाएर सेवा दिन थालेको थियो । गएको साउन २० गतेदेखि रामपुर नगरपालिकामा राष्ट्रिय परिचय पत्र बनाउने कार्य शुरु भएपछि भने सेवाग्राहीको भीड बढेपछि प्रशासन कार्यालय पाल्पा थप कर्मचारी व्यवस्थापन गरी दैनिक सेवा दिने गरिएको छ । यहाँ चलिरहेको राष्ट्रिय परिचय पत्र अभियानको दुई हप्तामा मात्रै इलाका प्रशासन कार्यालय रामपुरबाट शुक्रबारसम्म ९ सय नागरिकता जारी गरिएको जिल्ला प्रशासन कार्यालय पाल्पाका प्रमुख प्रशासकीय अधिकृत तथा इलाका प्रशासन कार्यालय रामपुरका निमित्त प्रमुख यज्ञश्वर पन्थीले जानकारी दिए ।

गत साउन २१ गते जिल्ला प्रशासन कार्यालयको टोलीले यहाँ नियमित बसेर दैनिक सेवा दिएको हो । त्यस यता प्रशासन कार्यालय रामपुरबाट ४६० नयाँ, ४४० प्रतिलिपी गरी ९०० जनाले नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन् । एक महिनाको अवधीमा एक हजार १२ जनाले नागरिकता बनाएका छन् । जसमा ५३९ नयाँ र ४७३ प्रतिलिपी लिएका छन् । प्रशासनले राष्ट्रिय परिचय पत्रलाई मध्यनजर गर्दै दैनिक सेवा दिएको हो । सेवाग्राहीको भीड बढेपछि प्रशासकीय अधिकृत सहित जिल्ला प्रशासन कार्यालय पाल्पाबाट एक जना नायव सुब्बा र रामपुर नगरपालिकाबाट एक जना खरिदार कर्मचारी परिचालन गरी सेवा दिइएको छ ।

अहिले अत्याधिक सिफारिस आउनाले समयमै नागरिकता जारी गर्न समस्या परेको छ । सिफारिसको पालो अनुसार सेवा प्रवाह हुँदै आएको छ । आउँदो भदौ १८ गते सम्मको लागि पुग्ने गरी सिफारिस सङ्कलन भइसकेको कार्यालयले जनाएको छ । नयाँ नागरिकता र प्रतिलिपि लिने सेवाग्राहीको संख्या धेरै रहेको पाइएको छ ।

टोली आएर सेवा दिन थालेपछि मौका छोपेर छोरीको नागरिकता बनाइदिएको रामपुर नगरपालिका कार्यापालिका सदस्य सावित्रा गौतम बताउँछिन् । 'पहिले नै छोरीको नागरिकता बनाउनुपर्ने थियो, वर्षायामको बेला सदरमुकाम तानसेन जान पनि समस्या थियो, यहीँ आएको मौका पारेर नागरिकताको प्रमाण पत्र बन्यो, आफ्नै ठाउँबाट सेवा पाउँदा धेरै राहत भएको छ' गौतमले भनिन् । इलाका प्रशासन कार्यालयबाट नागरिकता, द्रुत गतिको राहदानी सिफारिस, आदिवासी जनजाति, दलित, प्रमाणित, नाबालक परिचय पत्र, संस्था नवीकरण लगायतका सेवा प्रदान हुँदै आएको छ । यस प्रशासन कार्यालयबाट पूर्वी पाल्पाका रामपुर नगरपालिका, निस्दी गाउँपालिकाको वडा नं.१,२,३,४,५ र ६ र पूर्वखोला गाउँपालिकाको वडा नं १ सिलुवाका नागरिकलाई सेवा लिदै आएका छन् । परिचय पत्रको लागि अनिवार्य सक्कल प्रमाणपत्र चाहिने भएकाले पाल्पा प्रशासन जल्नु अघि नै नागरिकता बनाएका, उमेर पुगेर या विविध कारण नागरिकता नबनाएकाले नागरिकता बनाएका छन् । नागरिकताको फोटो नचिनिने तथा अन्य विवरण नमिलेकाको मिलाउनु पर्दा नागरिकता बनाउनेको भिड बढेको छ ।

# कृषि अध्ययन सिकाई केन्द्र बन्दै पाल्पाको 'रामपुर'

रोल्पा जिल्लाको लिवाङ नगरपालिका २ स्थित लोकतान्त्रिक चोक निवासी कृतिका डाँगीले रामपुरलाई कृषि सिकाई अध्ययन केन्द्रका रुपमा लिएकी छन् । उनलाई रोल्पा देखि पाल्पाको रामपुर आउन जान सहज त छैन तैपनि आफ्नो कृषि बाली विज्ञान अध्ययन सँगसँगै प्रयोगात्मक तालिमका लागि भने उनले रामपुरलाई नै राखेकी थिइन् । पाल्पा जिल्लामै ठुलो क्षमताको उच्च प्रविधि (हाईटेक) को तरकारी टनेलमा प्रयोगात्मक ज्ञान सिप सिक्न पाइने भएपछि डाँगीले रामपुरमा नै नयाँ प्रविधि सिक्दै छिन् । "घर टाढा छ भन्ने मात्रै हो, यहाँ आइपुगेपछि धेरै प्रविधि सिक्न पाइएको छ, यहाँ सिकेको ज्ञान, सिप, अनुभव व्यहारिक जीवनलाई अत्यन्तै उपयोगी छ, हाईटेक टनेलभित्र सबै प्रविधिको ज्ञान सिप सिक्ने र बुझ्ने अवसर मिलेको छ" उनले भनिन् ।



रोल्पा देखि रामपुर आइपुग्न सडक सहज भएको खण्डमा एक दिनको पुरा समय लाग्छ । सार्वजनिक गाडीमा भाडा शुल्क मात्रै रु एक हजार ५०० लाग्छ । घर नजिकै अर्थात् छिमेकी जिल्ला, अन्यत्र ठाउँको तुलनामा यहाँ आफ्नो जीवनोपयोगी हुने प्रविधि र सिकाईले उहाँलाई धेरै सहज भएको छ । यस्तै प्युठान जिल्ला झिमरुक गाउँपालिका वडा नं ३ ओखरकोट आलखोला घर बताउने जलजला केसी रामपुरमै नयाँ प्रविधि सहितको हाईटेक सुविधा भएको खबरले रामपुरलाई नै सिकाई थलो बनाएकी छन् ।

रामतुलसी मावि कृषि बाली विज्ञान तेस्रो वर्षमा अध्ययनरत केसीले विद्यालय नजिकै रहेको कृषि शाखा कार्यालयमा निर्माण भएको हाईटेक टनेलमा नयाँ प्रविधि सिक्ने अवसर पाएपछि अन्यत्र ठाउँ खोज्दै भौतारिनुपर्ने समस्या टरेको बताउँछिन् । "कृषि प्रयोगात्मक अध्ययनका लागि विभिन्न ठाउँमा जानुपर्थ्यो, सबै ठाउँमा हाम्रो लागि आवश्यक पर्ने सबै सुबिधा हुदैनथ्यो, यति ठुलो क्षमताको हाईटेक अन्यत्र जिल्लामा पनि कमै हुन्छ, यहाँ त दैनिक नयाँ प्रविधिसँग काम गर्ने अवसर मिलेको छ" केसीले भनिन् । उच्च प्रविधि (हाईटेक) को तरकारी टनेल पाल्पा जिल्लाकै सबैभन्दा ठुलो र नमुना भएकाले पनि अहिले कृषि बाली विज्ञान पढ्ने विद्यार्थीका लागि तालिम सिकाई केन्द्र बनेको छ । नयाँ प्रविधि सिक्न पाइने भएपछि पढाई संग संगै प्रयोगात्मक सिकाई केन्द्र रामपुरलाई नै रोजाईमा पारेको स्याङ्जा चापाकोट नगरपालिका वडा नं ६ साँखर बस्ने मुना खनाल बताउँछिन् । यहाँ तीन वर्ष अघि देखि उच्च प्रविधि (हाइटेक) को तरकारी टनेल निर्माण भई सञ्चालनमा आएपछि कृषि बाली विज्ञान पढ्दै गरेका विद्यार्थीलाई अध्ययन पुरा गर्न अनिवार्य प्रयोगात्मक तालिम लिन र कृषकलाई कृषि प्रविधि सिक्न धेरै सहज भएको छ ।व्यावसायिक कृषिमा नयाँ प्रविधि सिकाउन र अध्ययन केन्द्रका लागी यहाँ टनेल निर्माण गरिएको हो । रामपुर क्षेत्रलाई तरकारीमा आत्मनिर्भर बनाउन र कृषकमा नयाँ प्रविधिबारे जानकारी गराउन यस टनेलले ठुलो टेवा पुगेको युवा कृषि उद्यमी दिलबहादुर थापा बताउँछन् ।

"बाहिर गएर नयाँ प्रविधि हेर्ने अवसर कृषकलाई मिल्दैन, आफ्नै व्यवसायमा व्यस्त भइन्छ, रामपुरमा नै सञ्चालनमा आएको नयाँ प्रविधि सहितको टनेलमा गएर आवश्यक परेका बेला कृषि प्राविधिक संग सोधपुछ गर्ने, नयाँ प्रविधि सिक्ने र घरमा आएर सोही अनुसार खेती गर्न थालेपछि धेरै राम्रो भएको छ" कृषक थापाले भने । कृषकलाई अनुदान भन्दा पनि यस्तै खालका नयाँ प्रविधि आवश्यक रहेको र प्रविधि जानेमात्रै उत्पादन बृद्धि गर्न सकिने कृषक थापाको भनाई छ ।

ठूलो क्षमताको टनेल निर्माण भएपछि धेरैले नयाँ प्रविधिको अवलोकन गरी घर घरमा आधुनिक कृषि प्रविधि पनि अवलम्वन गर्न थालेको रामपुर नगरपालिकाका सुचना अधिकारी तथा कृषि शाखा प्रमुख रामहरी पाण्डेय बताउँछन् ।

उनी भन्छन्,"कृषि सिकाई अध्ययन केन्द्रका रुपमा विकास गरिएको छ, धेरैजसो कृषि बाली विज्ञान पढ्दै गरेका विद्यार्थी, कृषक समुह, सहकारी, ठुला कृषि उद्यम गर्ने कृषकहरु नयाँ प्रविधि सिक्न आउने गर्नुभएको छ, टनेलबाट आम्दानी भन्दा पनि सिकाई अध्ययनका रुपमा विकास गरिएको छौँ"। पहिलो र दोस्रो वर्ष गोलभेँडा, लहरेबाली प्रजातिका तरकारी खेती पनि गरियो । उत्पादन राम्रै भएपनि यस टनेललाई आयआर्जनसँग मात्रै नभई सिकाई अध्ययन केन्द्र बनाएर काम गरेको शाखा प्रमुख पाण्डेयको भनाई छ । कृषि शाखाको परिसरमा साढे दुई रोपनी क्षेत्रफलमा ३६ मिटर लम्बाई, ३६ मिटर चौडाई रहेको टनेल निर्माण भएको छ । लुम्बिनी प्रदेश सरकारको रु २५ लाख सहयोग र रामपुर नगरपालिकाको रु ३१ लाख गरी रु ५६ लाखको लागतमा टनेल निर्माण गरिएको हो । ठूलो क्षमताको टनेल भएकाले धेरैले नौलो प्रविधि मान्दै अवलोकन गर्ने गरेका छन् । कृषिको व्यावसायिकरणतर्फ उन्मुख बन्दै गएको रामपुर नगरपालिका यतिखेर आधुनिक प्रविधिमा फड्को मार्न थालेको छ । यो प्रविधिको टनेल समय समयमा मर्मत सम्भार गरिएको खण्डमा दश वर्ष देखि वीस वर्ष सम्म प्रयोग गर्न सकिन्छ । गर्मीयाममा चिसो तापक्रम, थोपा सिंचाई प्रविधि, हावामा सापेक्षिक आद्रता कायम गर्ने, घामको तापक्रम छेक्ने, किरा लाग्नबाट बचाउने गर्छ । यस उच्च प्रविधिको तरकारी टनेलमा मौसमी तथा बेमौसमी तरकारीहरु लगाउन सकिन्छ । टनेलभित्र तरकारी लगाउँदा गर्मीयाममा सेन्सर मार्फत कुलिंग प्याड र फ्यानको प्रयोग गरी चिसो तापक्रम र हावामा सापेक्षित आद्रता कायम गर्ने गर्छ ।

साथै थोपा सिंचाई प्रविधि, सेड नेटद्धारा घामको तापक्रम छेक्ने, किरा छेक्ने जालीको प्रयोगले विरुवामा किरा लाग्नबाट बचाउने, जाडोयाममा रोलिङ्ग यु.भी. प्लाष्टिकद्धारा बाहिरको भन्दा तापक्रम बृद्धि गराई विरुवालाई आवश्यक तापक्रम मान कायम गर्ने जस्ता बिशेषता रहन्छन् ।

यसले कृषकलाई आधुनिक प्रविधिबारे जानकारी गराउन सहयोग पुग्दछ । यसको मुख्य उदेश्य बेमौसमी तरकारी उत्पादन गर्नु हो । नविनतम प्रविधि रामपुरमा भित्रिएपछि युवाहरुमा कृषिप्रतिको आकर्षण समेत बढ्दै गएको छ ।

नयाँ प्रविधिको टनेल निर्माण भएपछि यस क्षेत्रमा आधुनिक प्रविधिबाट तरकारी खेती बिस्तार, कृषिजन्य यान्त्रिकरणको प्रयोग बढ्दो रहेको छ । नयाँ प्रविधि रामपुरमा भित्रिन थालेपछि निर्वाहमुखी कृषि व्यवसाय गरेका कृषकको व्यवसायिक कृषिमा आकर्षण बढ्दो छ । यहाँ टनेल निर्माण पश्चात अहिले रामपुरमा विभिन्न क्षेत्रबाट कृषि समुह, विद्यार्थी, विभिन्न संघ संस्था, व्यक्तिहरु अवलोकन गर्न आउने गरेका छन् । समुहमा अवलोकन गर्न आउनेलाई रु एक हजार शुल्क, प्रतिव्यक्ति रु एक सय र विद्यार्थीका लागी रु ५० टिकट कायम गरिएको छ । यस टनेलमा प्रयोगात्मक सिप सिक्न पाल्पा सहित सल्यान, रोल्पा, दाङ, प्युठान, स्याङ्जा, तनहुँ लगायत विभिन्न जिल्लाका विद्यार्थीहरु भित्रिएका छन् ।

सिन्धुपाल्चोक डायरी
देवराज सुवेदी/मध्यान्ह

# हेलिकप्टर मार्फत गर्भवतीको उद्धार

पाँचपोखरी थाङपाल गाउँपालिकाको विकट वडा नं ३ भोताङकी एक गर्भवतीलाई आइतबार हेलिकप्टरमार्फत उद्धार गरिएको छ । दुई दिन देखि भर्ना गरिएकी २२ वर्षीया लक्ष्मी तामाङलाई स्थानीय स्वास्थ्यचौकीबाट सुत्केरी गराउन नसकेपछि हेलिकप्टरद्वारा काठमाडौं पठाइएको वडा नंबर ३ का अध्यक्ष ङिमा छिरीङ तामाङले बताए ।



पाठेघरको मुखपुरै खुलिसक्दा पनि सुत्केरी हुन नसेकेपछि हेलिकप्टरमार्फत उद्धार गरिएको स्वास्थ्य चौकी प्रमुख मिखायलले जानकारी दिए ।

सरकारले दुर्गम तथा पिछडिएका क्षेत्रमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत सुत्केरी महिलाका लागि हेलिकप्टर मार्फत उद्धार गर्ने कार्यक्रम अनुसार लक्ष्मी तामाङलाई उद्धार गरिएको हो । अविरल वर्षाले सडकमा पनि क्षति पुऱ्याएपछि हेलिकप्टरमार्फत उद्धार गरिएको बताइएको छ । सिन्धुपाल्चोकका हेलम्बु, पाँचपोखरी र जुगल गाँउपालिका राष्ट्रपति महिला उत्थान कार्यक्रममा छन् ।

# बन्जारा तथा बन्जाडे समाजद्वारा सहयोग रकम हस्तान्तरण

पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं २ बरुवामा गत साउन १९ गते गएको पहिरोमा परी निधन भएका यज्ञबहादुर बन्जारा क्षेत्री र लक्ष्मी बन्जारा दम्पतिको परिवारलाई बन्जारा तथा बन्जाडे समाज, नेपालले उनीहरुको वार्षिक पुण्य तिथिको अवसरमा सहयोग रकम हस्तान्तरण गरेको छ । देश विदेशमा रहेका बन्धुहरुबाट प्राप्त सहयोग रकम मध्ये गत साल तत्काल नै समाजको केन्द्रीय समितिबाट संकलित २१ हजार रुपैयाँ, सिन्धुपाल्चोक जिल्ला समितिबाट पाँच हजार र इजरायलमा कार्यरत चेली सावित्री बन्जाराबाट दश हजार र सिन्धु बन्जारा समाजबाट पाँच हजार गरी ४१ हजार र पछि संकलित २३ हजार ६१० रुपैयाँ शनिबार वार्षिक पुण्य तिथिको अवसरमा संस्थाका सचिव गणेश बन्जारा र केन्द्रीय सदस्य एवम् समाजसेवी निर्मल बन्जाराको उपस्थितिमा हस्तान्तरण गरिएको हो ।

संस्थाको तर्फबाट जम्मा ६४ हजार ६१० रुपैयाँ सहयोग प्रदान गरिएको छ । पहिरो पीडितका छोराछोरीलाई थप अध्ययनको लागि मद्धत पुऱ्याउने उद्देश्यले सो सहयोग रकम संकलन गरी हस्तान्तरण गरिएको स्थानीय समाजसेवी एवम् संस्थाका केन्द्रीय सदस्य निर्मल बन्जाराले बताए । सो अवसरमा सो वडाका वडा सचिव एवम् पीडित परिवारका आफन्त सरोज सिलवाल र पीडित परिवारका सदस्यहरुको समेत उपस्थिति रहेको संस्थाका सचिव गणेश बन्जाराले बताए ।

# मेलम्ची ८ का ३४ घर पहिरोको जोखिममा

लगातारको वर्षाले मेलम्ची नगरपालिका ८ केउरानीका ३४ घर जोखिममा परेका छन् ।

पहिराको कारण खैरेका २७ र छाँयालीका ७ घर जोखिममा परेका हुन् । स्थानीय कान्छामान दोङका अनुसार पोहोर देखिनै पहिरो जान थालेको ठाँउमा यसपालि पनि पहिरो आएर खैरेका बस्ती जोखिममा परेका हुन् । निरन्तर पहिरो खस्न थालेपछि स्थानीय त्रसित भएको उनले बताए । पटक-पटक वडाका प्राविधिकलाई यसबारे जानकारी गराउँदा पनि चासो नदिएको उनको भनाइ छ । खैरेका २७ र छाँयालीका ७ घर जोखिममा रहेको बताउँदै मेलम्ची ८ का वडाध्यक्ष ठंकराज गिरीले उनीहरुलाई तत्काल अस्थाई बासको व्यवस्था गर्नुपर्ने बताए ।

यसअघि जिल्ला विपत व्यवस्थापन समितिलाई जानकारी गराई बस्तीको विज्ञसहित अनुगमन गर्न आग्रह गरिएको तर कार्यान्वयन नगरेको उनको भनाई छ । वडाध्यक्ष गिरीले तत्काल नगरपालिकामा जानकारी गराई प्रमावितलाई अस्थाई बसोबासको व्यबस्था मिलाउन लागिपर्ने बताए । उनले भूगर्भविद्को टोली ल्याई बस्तीको अध्ययन गराउन पनि माग गरे । यसैगरि, असार १, साउन १६ र त्यसपछिका बाढी र पहिरोले प्रभावित मेलम्ची ६ नेपाने बगरटोलका १७ परिवारलाई राहत वितरण गरिएको छ । स्थानीय भिमसेन थापाको आग्रहमा मेलम्ची नगरपालिका -४ थकनी निवासी गरिमा भोएज ट्राभलका सन्चालक हाल इटालीमा रहेका भएका रबिन्द्र अर्यालमार्फत प्राप्त एक लाख रुपैँया १७ परिवारलाई वितरण गरिएको हो । घरबार विहिन, आर्थिक अवस्था कमजोर भएका तथा परिवार संख्याको आधारमा १७ घर परिवारलाई मेलम्ची नगरपालिकाका प्रमुख डम्बर अर्यालले हस्तान्तरण गरेका हुन् । बाढीले नेपाने बगरटोलका १७ घरटहरा र खेतमा क्षति पुगेको थापाले जानकारी दिए ।

## सम्पादकीय

# आत्मविश्वास हराएको माओवादी

सत्ता साझेदार नेकपा माओवादी केन्द्रले कम्युनिष्ट केन्द्र निर्माणको पहल थाल्ने निर्णय गरेको छ । आइतबार पेरिसडाडाँमा बसेको स्थायी कमिटी बैठकले कम्युनिष्ट केन्द्र निर्माण गर्न अन्य शक्तिसँग पार्टी एकताको पहल थाल्ने निर्णय गरेको हो । कम्युनिष्ट क्रान्तिकारीहरूबीच एकता र ध्रुवीकरणका निम्ति पहल गर्ने निर्णय गरेको प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए । उनका अनुसार, कम्युनिष्ट आन्दोलनमा देखा परेका, देश र जनताको पक्षमा एउटा वा अर्को रूपमा उभिउका र समाजवादको पक्षमा रहेका शक्तिहरूसँग एकताको पहलकदमी शुरू हुनेछ । नेकपा एमाले विभाजन भइरहेका बेला माओवादी केन्द्रले गरेको यो निर्णयलाई चासोका साथ हेरिएको छ । किनकि एमाले पार्टी विभाजनको नेतृत्व गरेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पनि कम्युनिष्ट शक्तिहरूसँग एकता र कार्यगत एकतालाई जोड दिने अभिव्यक्ति दिदै आएका छन् ।

हुन त माओवादी केन्द्र सर्वोच्च अदालतबाट पुनर्स्थापित भएबाटै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकता र कार्यगत एकताबारे प्रयास गर्दै आएका छन् । गएको १ चैतको केन्द्रीय कमिटी बैठकमा प्रचण्डले माओवादी केन्द्रको नाम परिवर्तन गर्ने एजेण्डा नै पेश गरेका थिए । तर त्यसबेला चर्को विरोध भएपछि यो एजेण्डा थाती राखिएको थियो । त्यसबेला एमाले विभाजन भन्दा पनि एकताको प्रयत्न धेरै देखिन्थ्यो । तर ७ जेठमा एमाले अध्यक्ष केपी शर्मा ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेपछि भने माधव नेपालले अलग पार्टी बनाउन जोड दिए । २ भदौमा निर्वाचन आयोगमा माधव नेपालले नयाँ दल दर्ताको निवेदन दिएका छन् । उक्त दलको नाम नेकपा एकीकृत समाजवादी प्रस्ताव गरिएको छ ।

अर्थात् प्रचण्डको जोड माधव नेपाल र उपेन्द्र यादव नेतृत्वको पार्टीसँग एकता गर्नेमा देखिन्छ । जबकी यी दुई दल माओवादी भन्दा भिन्न पृष्ठभूमिबाट आएको शक्ति हो । एमाले मुलतः सामाजिक गतिविधि र संगठन निर्माणमा आधारित छ भने यादव नेतृत्वको पार्टीको जन्म नै माओवादीसँगको मुकाबिलाबाट भएको थियो । तर अहिले प्रचण्ड यिनै तीन शक्ति बीच एकतामा जोड दिइरहेका छन् । यसको अर्थ माओवादलाई मार्गदर्शक सिद्धान्त मान्ने माओवादी पार्टी अब अन्य शक्तिसँग नमिली अगाडि बढ्न सक्दैन भन्ने विश्लेषणमा प्रचण्ड पुगेको हुनुपर्छ । हुनपनि ३ जेठ २०७५ मा एमालेसँग एकता गरी नेकपा बनेको माओवादी अहिले अदालतको फैसलाबाट पुनःस्थापित भएको छ । जसप्रति प्रचण्डको आत्मविश्वास कमजोर देखिन्छ ।

## सामाजिक सञ्जाल



सामाजिक सञ्जाल दर्ताको सन्दर्भमा मिडियाले पूर्वमन्त्री गोकुल बास्कोटालाई चरम असहयोग मात्रै गरेन, उनलाई खलनायक नै बनाइयो । अहिले दर्ता नगरी चलाउँदा राजस्व गुम्यो भनेर लेख्न थालेछन् । पैसा विदेश पठाएर आफ्नो लिंक स्पोन्सर गरेपछि मिडियाले राज्यलाई घाटा पुऱ्याएको हुन्छ कि हुँदैन ?

**बिमल पोखरेल**



चन्द्रमाले १५ दिनसम्म क्रमिक रूपमा स्वरूप फरक देखाउँछ । यसलाई 'चन्द्रकला' भन्छन् । अर्थात् दिनकै रूप परिवर्तन तर, जो प्रिडिक्टबल छ । पूर्वअनुमान गर्न सकिन्छ । तर यो 'वामदेव कला' बुझेर बुझिसक्नु रहेनछ । बरू यिनका जिब्रा कतिवटा होलान् र राजनैतिक वजन अब कति बचेको होला ?

**बाबुलाल भण्डारी**



एक जनाले चाहे राप्रपा फुटाउन सक्ने, १३ जनाले चाहे कांग्रेस फुटाउन सक्ने, दल विभाजन अध्यादेशको उपलब्धि ! यतिकै रामचन्द्र बाजे बालकोट चक्कर लगाइरहेका छैनन् ! पछि गर्लम्म पर्ने त यसका जननी शेरबहादुर र ओली नै हुन !

**निर्मल प्रसाईं**



रेल आयो, चलाउन परेन, बिजुली बस आयो चल्न परेन, नक्सा आउँछ छाप्न परेन, सैयौं आयोजनाहरू सुतिसुति शिलान्यास हुन्छन् बन्न परेन, बेरूजु र भष्ट्रचारले देश चुर्लुम डुबायो, हामी भाषण गर्दा सबै हाँसे पुग्छ, पत्याउन परेन, कस्ता छौँ है हामी जनता ? अझै पनि राजनेता जय जय थुईक्क हामी जनता ?

**कमल पौड्याल**



बेरूजु र भ्रष्टाचारमा यति मात्र फरक छ १०० धेरै ९९ कम । खर्बौ खर्च गर्ने कार्यालय प्रमुख, मन्त्रि, प्रधानमन्त्रीहरू मरेर गै सके तर बेरूजु छँदै छ । नगरपालिकाहरूको हाल सालै प्रकाशित बेरूजिको खर्बौ खर्ब रकम सरासर भ्रष्टाचार हो र आफ्नो कार्यकालमा फर्छौट गरिँदैन भने त्यस्तालाई जेल कोच्नै पर्छ ।

**पुरुषोत्तम ढुंगेल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# धरापमा संसदीय व्यवस्था

**संसदले प्रधानमन्त्रीको रुपमा निर्वाचित प्रतिनिधिसभाका सदस्य अर्थात् सांसद वा संसदमा बहुमत प्राप्त ठुलो दलको नेतालाई प्रधानमन्त्री नियुक्ती गर्ने काम राष्ट्रपतिको हो । यो काम संसदको निर्वाचन र निर्णयअनुसार राष्ट्रपतिले गर्नुपर्नेमा अब यो प्रमलाई नियुक्ती दिने, सपथ खुवाउने काम अदालतको आदेशमा गर्नुपर्ने भएपछि न्यायालयले नै संसदको काम गरिदिएको अनुभव भएको छ ।**



● नारायण शर्मा

नेपालमा बहुदलीय संसदीय व्यवस्था फेरि पनि असफल र अफापसिद्ध भएको तथ्य पछिल्लो सर्वोच्च अदालतको फैसलाबाट पनि प्राप्त भएको छ। संसदीय व्यवस्था भनेको संसद सार्वभौम, सर्वोच्च र सर्वशक्तिसम्पन्न संस्था हुने र देशका कार्यकारी सरकार प्रमुख एवं राष्ट्र प्रमुखजस्ता उच्चतम पदहरु अर्थात् प्रधानमन्त्री र राष्ट्रपति-उपराष्ट्रपति जस्ता शासकहरु संसद-सांसदहरुले निर्वाचित गर्ने भनेको हो । तर सर्वोच्चको पछिल्लो फैसलाबाट त्यस्तो संस्था त अदालत भएको पो देखियो । व्यवस्थापिकाले गर्ने उक्त काम न्यायपालिकाले गऱ्यो अर्थात् न्यायपालिका निरंकुश, स्वेच्छाचारी, सर्वसत्तावादी र तानाशाही भयो । संसदले प्रधानमन्त्रीको रुपमा निर्वाचित प्रतिनिधिसभाका सदस्य अर्थात् सांसद वा संसदमा बहुमत प्राप्त ठुलो दलको नेतालाई प्रधानमन्त्री नियुक्ती गर्ने काम राष्ट्रपतिको हो । यो काम संसदको निर्वाचन र निर्णयअनुसार राष्ट्रपतिले गर्नुपर्नेमा अब यो प्रमलाई नियुक्ती दिने, सपथ खुवाउने काम अदालतको आदेशमा गर्नुपर्ने भएपछि न्यायालयले नै संसदको काम गरिदिएको अनुभव भएको छ। यसबाट देशको सर्वोच्च संस्था राष्ट्रपतिको मर्यादामा पनि ह्रास ल्याइएको समेत अनुभूति भएको छ ।

यसैगरी बहुदलीय व्यवस्था भनेको सत्तापक्ष वा विपक्षमा भएका विभिन्न दलहरु नै राज्यका खम्बा हुने, दल र दलको निर्णय बहुमतबाट हुने, दलका नेताले सो निर्णय पालना र कार्यान्वयन गर्न-गराउन ह्वीप लगाउन सक्ने र सो ह्वीप उल्लंघन गर्ने सदस्यहरु निष्कासनसम्मको कारबाहीमा पर्ने विधि, विधान, व्यवस्था र व्यवहार हुने भनेको हो । तर न्यायालयको पछिल्लो निर्णयले त यी सबै कुरा उल्टाइदिएर अर्थात् दल र दलका नेताहरुले ह्वीप जारी गर्न नपाउने, गरिहाले पनि ह्वीप उल्लंघन गर्न सकिने तर ह्वीप उल्लंघन गरेबापतमा उल्लंघन गर्ने सदस्यमाथि कारबाही गर्न पनि नपाइने निर्णय र नजीर कायम गरिदिएको छ । यसले दलहरुको अस्तित्व, अर्थ, औचित्य र महत्व समाप्त पार्दै निर्दलीय व्यवस्थाको अभ्यास गरेको देखिन्छ ।

यतिमात्र होइन, राज्यका तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच हुनुपर्ने नियन्त्रण र सन्तुलनको आपसी सम्बन्ध पनि अदालतको पछिल्लो फैसलाबाट बिग्रिएको देखिन्छ । कानुनी राजको नाममा संविधान र कानूनको व्याख्या गर्ने नाममा न्यायपालिकाले यसरी आफ्नो क्षेत्राधिकार नाघ्दै संसदीय मूल्य, मान्यता, विधि, विधान, पद्धति, प्रकृयालाई र परम्परा आदिलाई धोती लगाउनु संसदीय बहुदलीय व्यवस्थालाई असफल पार्ने नीति र नियतसँग सम्बन्धित छ। नियत यस अर्थमा हो भन्ने लाग्दछ कि आफ्ना पितापुर्खाको श्री ३ खोसेको यही संसदीय बहुदलीय व्यवस्था ल्याउन नेका, नेकपा आदि विभिन्न दलहरुद्वारा गरिएको २००७ साल वरिपरिको आन्दोलनले नै थियो । त्यसैले आफ्नो श्री ३ को श्रीपेच खोसिएकोमा प्रधान न्यायाधीश राणा असन्तुष्ट, आक्रोशित र प्रतिशोधको भावनाले ग्रसित भएर यस्तो निर्णय गरेको भन्ने अडकल निराधार देखिन्न । हुनसक्छ उनले यो फैसलाबाट देशमा अराजकता, अस्तव्यस्तता, अतिवाद र आतंकलाई बढावा दिएर आफैँ श्री ५ बन्ने वा खिलराज बन्ने दाउँ गरेका पनि होऊन् ! फेरि अदालतको यो निर्णय यहाँका न्यायाधीशहरुको स्वविवेक र स्वअध्ययन आधारमा भएको देखिन्छ ।

> "कानुनी राजको नाममा संविधान र कानूनको व्याख्या गर्ने नाममा न्यायपालिकाले यसरी आफ्नो क्षेत्राधिकार नाघ्दै संसदीय मूल्य, मान्यता, विधि, विधान, पद्धति, प्रकृयालाई र परम्परा आदिलाई धोती लगाउनु संसदीय बहुदलीय व्यवस्थालाई असफल पार्ने नीति र नियतसँग सम्बन्धित छ ।



हामी सच्चा समाजवादी-साम्यवादी क्रान्तिकारीहरुको लागि त यसरी 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने पसल'को रुपमा कुख्यात संसदको अर्थ र औचित्य समाप्त हुनु हो । संसदीय प्रतिकृयावादी सत्ताका कथित तीन अङ्गहरुका बिचको तथाकथित नियन्त्रण र सन्तुलनको सिद्धान्त र व्यवहारले हावा खानु हो । राष्ट्रको ठूलो बोझको रुपमा रहेका कथित नाम मात्रका अभिभावक राष्ट्रपतिको निरर्थकता र निरीहता मात्र होइन् अनावश्यकता र अनौचित्य पुष्टि हुनु हो । विभिन्न स्वार्थ र शक्तिकेन्द्रबाट निर्देशित भएका दल र तिनका नेताहरुको सान्दर्भिकता समाप्त हुनु तथा बाह्य शक्ति केन्द्रहरुको हुकुम, हैकम, हस्तक्षेप र हालीमुहाली प्रमाणित हुनु प्रकारान्तरले सकारात्मक कुरा नै हो । हामीले बडो दुःखकष्ट गरेर र बलबुद्धी लगाएर विरोध र भण्डाफोर गर्नुपर्ने, नङ्ग्याउनुपर्ने र निकम्मा साबित गर्नुपर्ने संसद, सांसद र संसदीय व्यवस्था तथा विस्तारवाद र साम्राज्यवाद आफैँ यसरी यिनका आफ्नै एउटा प्रमुख अङ्गबाट अर्थहीन र औचित्यहीन तुल्याइनु र नङ्ग्याइनुले त कुचाले बढार्नुपर्ने कसिंगरलाई हवाले उडाइदिएजस्तो हाइसन्चो पो भो त !

उपरोक्त गलत काम, कारण, विशेषता र व्यवहारले गर्दा नै आज पनि फेरि संसदीय बहुदलीय व्यवस्था असफल र अफापसिद्ध भएको छ। यसले यो कुराको पनि राम्रोसँग माग गरेको छ कि नेपाली ऐतिहासिकता, मौलिकता, विशेषता र देसको आर्थिक, सामाजिक, सांस्कृतिक र भूराजनीतिक अवस्थाअनुसारको एउटा युगानुकूल नितान्त नयाँ व्यवस्था नेपालमा अनिवार्य रुपले आवश्यक छ । वास्तवमा यो बहुदलीय संसदीय व्यवस्था नेपालमा बारम्बार यसरी निरर्थक, निकम्मा, असफल र अफापसिद्ध हुनुका पछाडि एकातिर यो आयातित र निर्देशित व्यवस्था हुनु र अर्कातिर देशमा राष्ट्रिय पुँजीको आवश्यक विकास नभएर नेपाली समाजको आर्थिक-सामाजिक अवस्थाले पुँजीवादी समाजमा फड्को मारिनसकेको अनि देशको नेतृत्व लिएका र लिन तम्सिएका संसदवादी दलहरु, चाहे ती कम्युनिस्ट नै किन नहुन्, को दिल-दिमाग र ती दलका नेताहरुको मन-मस्तिष्कबाट पनि सामन्तवादको उन्मूलन भएर पुँजीवादी सोंच, शैली र संस्कारको सम्म पनि नभएको विडम्बनापूर्ण अवस्था छ ।

अझ यस्तो नभएको मात्र होइन कि सामन्तवाद नै झन् जब्बर भएको र अझ कतिपय सन्दर्भमा त सामन्तवाद र त्यसका नाइके राजारानीहरुको भन्दा पनि बढी शानशौकत, भोगविलास, सुखसयल र मोजमस्ति जनताका छोरा भनिएका जनप्रतिनिधि र नेता शासकहरुबाट हुने गरिएको हुनाले पनि यो संसदीय बहुदलीय व्यवस्था बदनाम, घृणित र तिरष्कृतसमेत हुँदै असफल र अफाप पनि सिद्ध भइरहेको हो। त्यसैले यसको विकल्पको रुपमा नेपाली मौलिकता र विशेषतामा आधारित अर्थात् नेपालको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था अनुकूलको व्यवस्था आवश्यक छ र यस्तो व्यवस्था मात्र यहाँ दिगो र दह्रो रुपमा कायम भै सफल र सार्थक हुनसक्छ । यस्तो व्यवस्थाले मात्र विगतदेखि वर्तमानसम्मका विधि, विधान र व्यवस्थासँग सम्बन्धित विकृती र विसङ्गतिजन्य व्यवहारलगायत देश र जनताका हकहितसँग सम्बन्धित यावत् समस्याहरुको हल गर्नेछ। र, यो व्यवस्था वैज्ञानिक समाजवाद उन्मुख स्वतन्त्र, आत्मनिर्भर, राष्ट्रवादी, जनगणतन्त्रात्मक, क्रान्तिकारी, जनौत्तरदायी, भ्रष्टाचारप्रती निर्मम र मितव्ययी निर्वाचन प्रणालीसहितको राष्ट्रपतीय शासन व्यवस्था हुनुपर्छ । अनि त्यसमार्फत मात्रै सुशासन र दिगो विकास नै आजको हाम्रो परम् आवश्यकता पुर्ती गर्न र हुन सम्भव छ। त्यसैले अब यो अस्थीरता, अस्तव्यस्तता, अराजकता र अन्यौलता उत्पन्न गर्ने अत्यन्तै असफल र अफापसिद्ध यो पुँजीवादी संसदीय शासन व्यवस्थाको समूलरुपले समाप्त गर्न संयुक्त र सशक्त संघर्ष सर्वथा उचित र आवश्यक भएको छ। यही आवश्यकता पूर्ती गर्न, गराउन लागि पर्नु नै अहिलेका हामी क्रान्तिकारी, देशभक्त, जनवादी, वामपन्थी, प्रगतिशील र सच्चा लोकतन्त्रवादी शक्ति-व्यक्ति, संघसंस्था, समूह-संगठन, अभियान-प्रतिष्ठान र मञ्च-मोर्चा आदि सबै परिवर्तनकामी जनसमुदाय र अग्रगामी नागरिक समाजहरुको अहं दायित्व हो। चेतना र साहस भया !

# गाईजात्रा : प्रेरणाको पर्व

**राजा प्रताप मल्लका पाँच छोरा मध्ये माइला छोरा चक्रवतेन्द्र मल्लको हातीमा सवार हुँदा उनको मृत्यु भयो । पुत्रशोकले विह्वल राजाले त्यो वियोगको पीडा जसरी पनि आफुलाई सम्हाले । तर, रानीलाई सम्झाउनका अनेक उपाय गर्दा पनि सम्झाउन सकेनन् । धरतीमा जन्म लिएका सबै मानिसले पनि आफ्नो जस्तै परिवारका सदस्य गुमाएर शोक बेहोर्नु परेको यथार्थ देखाउनका लागि नेवार समुदायको बाहुल्य भएको काठमाडौं उपत्यकाका नेवारहरुलाई भाद्र कृष्णपक्ष प्रतिपदाको दिन आफ्ना मृतक सदस्यको सम्झनामा "गाईजात्रा" निकाली शहर परिक्रमा गर्न लगाएका थिए ।**



● पूर्ण लाल चुके

गाईजात्रा नेपालमा मनाइने पर्वहरु मध्य अर्को महत्वपूर्ण राष्ट्रिय सांस्कृतिक पर्व हो। यो पर्व नेवारी संस्कृति र संस्कारबाट प्रारम्भ भएकोले खासगरी काठमाडौं उपत्यकाका तीन शहर र पछि नेवारहरूको बसोबास भएका देशका अन्य शहर बजारहरूमा विशेष महत्वका साथ मनाउने गरिन्छ । नेवार समुदायमा वर्षदिन भित्र दिवंगत भएका पितृहरूको सम्मान, सम्झना तथा मुक्तिका लागि गाईजात्रा मनाउने प्रचलन रही आएको छ । प्रत्येक वर्ष जनैपूर्णिमाको भोलिपल्ट अर्थात् भाद्र कृष्णपक्ष प्रतिपदादेखि अष्टमीसम्म यो पर्व मनाउने गरिन्छ ।

गाई जात्रा मनाउनुको रोचक ऐतिहासिक प्रसंग बारे सबैले थाहा पाउनु जरुरी छ। ऐतिहासिक तथ्यका आधारअनुसार मध्ययुग अर्थात् आजभन्दा ३८० वर्ष पूर्व विक्रम सम्वत् १६९८ मा तत्कालीन राजा प्रताप मल्लले गाईजात्रा मनाउने चलन बसाएका थिए । मल्ल राजाका पाँच छोरा मध्ये माइला छोरा चक्रवतेन्द्र मल्लको हात्तीमा सवार हुँदा उनको मृत्यु भयो । पुत्रशोकले विह्वल राजाले त्यो वियोगको पीडा जसरी पनि आफुलाई सम्हाले । तर आफ्नी रानीले भने पुत्रशोकले विह्वल सहन नसकी एकदमै विचलित भइन् । राजाले डिप्रेशनको शिकार भएकी रानीलाई मानिस जन्मे पछि एक पटक मर्नै पर्छ भन्ने सम्झाउनका लागि अनेक उपाय गरे, तर रानीलाई सम्झाउन सकेनन् । रानीलाई मानिस जन्मे पछि एक पटक मर्नै पर्छ भन्ने चतना रानीमा थिएन ।

त्यसैले राजाले आफ्नी रानीको मन शान्त पार्ने र पुत्र शोकको पीडाबाट मुक्ति दिलाउने एउटा उपाय निकाले । यही उद्देश्यले यो धरतीमा जन्म लिएका सबै मानिसले पनि आफ्नो जस्तै परिवारका सदस्य गुमाएर शोक बेहोर्नु परेको यथार्थ देखाउनका लागि नेवार समुदायको बाहुल्य भएको काठमाडौं उपत्यकाका नेवारहरुलाई भाद्र कृष्णपक्ष प्रतिपदाको दिन आफ्ना मृतक सदस्यको सम्झनामा "गाईजात्रा" निकाली शहर परिक्रमा गर्न लगाएका थिए। गाईको भेषमा, विभिन्न देवीदेवताको रंगीचङ्गी पोशाक लगाएर सिंगारिएका बालबालिकाहरु हरेक मृतकका आफन्तहरू घर-घरबाट निस्किएर जात्रामा सहभागी बनेको देखेपछि रानीको शोक केही कम भएको थियो ।

तर यतिले मात्र रानीको मन शान्त नभएपछि विभिन्न हाँस्य व्यङ्ग्य, प्रहसन र व्यंग्यात्मक कार्यक्रम समेत प्रस्तुत गरेर भाद्र कृष्णपक्ष प्रतिपदादेखि अष्टमीसम्म "गाईजात्रा पर्व" मनाउन राजा प्रताप मल्लले जारी गरेको उर्दीअनुसार गाईजात्रा पनि मनाइयो। यस्तो कार्यक्रमले रानीलाई हँसाउन सफल भएकोले राजाको आदेश बमोजिम त्यसैबेलादेखि हरेक वर्ष "गाईजात्रा" मनाउने चलन बसेको किंवदन्ती पाइन्छ । उसबेला राजप्रासाद रहेको हनुमानढोका क्षेत्रमा जात्रा प्रदर्शन गर्ने परम्परा अद्यापि छँदैछ ।

गाईजात्रालाई नेवारी भाषामा 'सापारु' भनिन्छ । 'सा' भनेको 'गाई' र 'पारु' भनेको 'प्रतिपदा तिथि' हो। हिन्दु धर्ममा गाईलाई भुक्ति र मुक्ति प्रदायिनी देवीका रूपमा पूजा गरिन्छ । गरुड पुराण एवं पद्म पुराणमा उल्लेख भएअनुसार पृथ्वीलोकमा गाईजात्रा निकालेपछि यमलोकको ढोका खुल्ने विश्वास पनि गरिन्छ ।

गाईजात्रामा गाईलाई नगर परिक्रमा गराउनाले दिवंगत आफन्तले तिनै गाईको पुच्छर समाई बैतरणी नदी पार गर्न पाउँछन् र स्वर्गको मार्ग प्रशस्त हुन्छ भन्ने धार्मिक विश्वास छ । श्रावण पूर्णिमापछि भाद्र महिना प्रारम्भ हुन्छ । जब मघा नक्षेत्रमा सूर्यनारायणको प्रवेश हुन्छ, तब भाद्रमास शुरु हुन्छ । मघा नक्षेत्रलाई पितृहरूको नक्षेत्र भनिन्छ । ऋग्वेद संहितामा 'भानोराश्लेषा अयनं मघा मे' भनी मघा नक्षेत्रलाई दक्षिणायनको सूचकका रूपमा प्रयोग गरिएको छ। शास्त्र वचन अनुसार दक्षिणायन लागेपछि पितृकर्म गर्नाले पितृहरू तृप्त हुन्छन् ।

यसर्थ भाद्र कृष्णपक्षको प्रतिपदा लागेपछि गाईजात्रा मान्ने परम्परा धर्मशास्त्र सम्मत देखिन्छ। जात्रा मनाउने क्रममा पाएसम्म गाई र नपाएमा बालबालिकाहरूलाई सिँगारपटार गरी गाई तथा विभिन्न देवीदेवताको भेषमा नगरपरिक्रमा गराइन्छ । यस पर्वका दिन विहानैदेखि काठमाडौँ उपत्यका तथा मुलुकका मुख्य शहरमा गाईजात्राका झाँकीहरू देख्न सकिन्छ ।

आज मृतकको शान्तिका लागि रामायणका करुण रसप्रधान गीत समेत गाउने चलन छ । यस्तै हाँस्यकर्मीहरूले शोकसन्तप्त आफन्तजनलाई हँसाउने प्रयत्न गर्दछन् । यसरी गाईजात्रामा दिवंगत आत्माको मुक्ति तथा कल्याणको कामना एकातिर गरिन्छ भने अर्कातिर आफन्त गुमाउनु पर्दाको पीडा एवं शोकलाई बिर्सिएर पुनः कर्मयोगमा लाग्ने प्रेरणा पनि यस पर्वले दिने गर्दछ । यसका साथै विभिन्न बाजा, साँस्कृतिक नाच र नेवारी खानपानले यो पर्वमा रौनकता थपेको पाइन्छ । राजधानी उपत्यकाको ठूलै पर्व रहेकाले यस दिन काठमाडौँ उपत्यकामा सार्वजनिक विदा हुने गर्दछ । पछिल्लो समयमा गाईजात्रा हाँस्यव्यंग्य विधालाई उजागर गर्ने पर्वका रूपमा पनि स्थापित हुँदै आएको छ । यस पर्वको अवसरमा नेपालका विभिन्न पत्रपत्रिकाले हाँस्यव्यंग्यका विशेषाङ्क प्रकाशित गर्ने गरिन्छ भने हास्यकलाकारहरूले समाज र राष्ट्रमा हुने गरेका विकृति-विसंगतिलाई व्यंग्यात्मक प्रहसन मार्फत् औंल्याउने गरेका छन् ।

अहिलेसम्म पनि काठमाडौं, भक्तपुर, ललितपुर, रुपन्देही, पाल्पा, गुल्मी, प्युठान, बाग्लुङ, म्याग्दी, सुनसरी, मोरङ लगायतका नेवार बाहुल्य भएको शहर बजारमा नेवारी परम्परा अनुसार गाईजात्रा मनाउने प्रचलन कायमै छ ।

नेपालगन्जमा पनि यस वर्ष नेवाः पुचः बाँके, नेवाः देयः दवू बाँके, र बाँके जिल्लामा रहेका विभिन्न नेवारी गुठीहरुको संयुक्त आयोजनामा पहिलो पटक "गाईजात्रा विशेष महोत्सव" मनाउने तयारी गरेको छ। नेपालगन्जको धम्बोझी चोकमा यस वर्ष दिवंगत भएका नेवार समुदायका परिवारका सदस्यहरुबाट तयार गरिएका विशेष रुपमा सिंगारिएका गाईका प्रतिक बालबालिकाहरु, तायः मचालगायतका झाँकीहरुले दिवंगतहरुको सम्झनामा तयार पारिएका निर्गुण, भजन र बाजा गाजाका साथ नगर परिक्रमा गरी बागेश्वरी मन्दिर परिसरमा विशेष कार्यक्रममा परिणत हुने कार्यक्रम छ ।

यो संस्कृति, साँस्कृतिक परम्परालाई जगेर्ना गर्ने यस्तो महत्वपूर्ण पर्वलाई निरन्तरता दिनको लागि वर्तमान पुस्तालाई पनि उत्प्रेरित गर्नु आवश्यक छ।

यस वर्ष नेवारहरुको छाता संगठन नेवाः देयः दवूको माग अनसरा नेपाल सरकारले यस वर्ष गाई जात्रा पर्वलाई राष्ट्रिय पर्वको रुपमा घोषणा गरी सार्वजनिक विदा दिने घोषणा गरेको छ ।

**(लेखक चुके, नेवाः पुचः बाकेका संस्थापक तथा पार्षद् र नेपालगन्जका वरिष्ठ पत्रकार हुन् ।)**

# आइएसले काबुलमा हमला गर्न सक्ने अमेरिकाको चेतावनी

**काठमाडौं/एजेन्सी–** अमेरिकाले अफगानिस्तानमा रहेका आफ्ना नागरिकहरुलाई इस्लामिक स्टेटबाट आक्रमण हुनसक्ने भन्दै सतर्क रहन चेतावनी दिएको छ। काबुल विमानस्थल बाहिर बढ्दै गएको अराजकताका बीच गएराती अफगानिस्तानमा रहेका अमेरिकीहरुका लागि सुरक्षा सल्लाह जारी गर्दै अमेकिाले अफगानिस्तास्थित आइएसको शाखाबाट काबुल विमानस्थलमा रहेका अमेरिकीहरुमाथि आक्रमण हुनसक्ने भन्दै सचेत गराएको हो।

विशेष गरी विमानस्थलको गेट बाहिर रहेका अमेरिकीहरु आइएसको निशानामा पर्नसक्ने चेतावनी दिइएको छ। यस्तै अमेरिकी सरकारको प्रतिनिधित्व गर्ने ब्यक्ति तथा संस्थाहरुलाई पनि सचेत गराइएको छ। अहिलेसम्म सार्वजनिक रुपमा कतैबाट आक्रमणको चेतावनी नआए पनि अमेरिकाले संभावित खतराप्रति सचेत गराएको विश्लेषण गरिएको छ।

तालिवानको त्रासले अफगानिस्तान छाड्न चाहनेदेखि त्यहाँको पूर्ववर्ती सरकारसँग काम गरेका तथा नेटो गठबन्धनलाई सघाएका मानिसहरुको भीड विमानस्थल बाहिर थामिनसक्नु बढेको छ। शनिबार विमानस्थल बाहिर उर्लेको भीडलाई अहिलेसम्मकै खराब दिन भनिएको छ।



२ हजार ५ सय अमेरिकीसहित अहिलेसम्म १७ हजार जनालाई अफगानिस्तान बाहिर पुऱ्याइएको पनि अमेरिकी भनाइ छ।

जर्मन सरकारले पनि काबुल विमानस्थलको सुरक्षा अवस्था भयंकर खतरनाक अवस्थामा रहेको भन्दै विमानस्थलमा प्रवेश गर्ने कुरा संभव नरहेको बताएको छ। यस्तै स्वीस विदेश मन्त्रालयले पनि पछिल्ला घण्टाहरुमा काबुल विमानस्थलको सुरक्षा अवस्था विग्रिएको बताएको छ। तालिवानले काबुलमा कब्जा जमाए पनि काबुल विमानस्थल अहिलेसम्म अमेरिकी फौजको नियन्त्रणमा रहेको छ।

यसैबीच इस्लामिक अतिवादी समूह आईएसले अर्को इस्लामिक समूह तालिबानलाई अमेरिकाको कठपुतली भएको आरोप लगाएको छ। अफगानिस्तानमा तालिबानले जितेको नाटक मञ्चन गराइएको आरोप पनि आईएसले अमेरिकामाथि लगाएको छ। दुबै अतिवादी इस्लामिक समूह भए पनि तालिबानको बिरोधी आईएसले तालिबान 'मुल्ला ब्रेडली' प्रोजेक्ट बनेको टिप्पणी गरेको हो।

अमेरिकाले जिहादलाई कमजोर बनाउन भर्ती गर्ने व्यक्तिहरुलाई मुल्ला ब्रेडलीको संज्ञा उनीहरुले दिने गर्दछन्। र अहिले सत्तामा पुगेका तालिबानलाई आईएसले नयाँ तालिबान नामकरण गरेको छ। १५ अगष्टमा अफगानिस्तान कब्जामा लिएपछि पहिलो पटक तालिबानप्रति टिप्पणी गर्दै आईएसले उसको साप्ताहिक पत्रिका अल-नबामा 'अन्ततःउनीहरुले मुल्ला ब्रेडली स्थापित गरिछाडे' शीर्षकमा सम्पादकीय प्रकाशित गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्।

तालिबानले सच्चा शरिया कानुन लागू गर्नसक्नेमा शंका गर्दै आईएसले उसका लडाकूले नयाँ ढंगबाट जिहाद शुरु गर्ने तयारी गरिरहेको पनि जनाएको छ। अमेरिकाले नै जितेझैं गराउँदै व्यवस्थित ढंगले तालिबानलाई सत्ता सुम्पेको दावी पनि आईएसको छ।

## जापानद्वारा म्यानमारबाट नियुक्त कुटनीतिज्ञलाई राहदानी दिन अस्वीकार




**काठमाडौं/मस–** जापानले म्यानमारको सैन्य सरकारद्वारा नियुक्त दुई कुटनीतिज्ञलाई राहदानी दिनका लागि गरिएको अनुरोधलाई अस्वीकार गरेको जापानी समाचार संस्था क्योदो न्युजले स्रोतलाई उदृत गर्दै समाचारमा उल्लेख गरेको छ।

म्यानमारको सेनाले जापानी अधिकारीलाई उनीहरूका लागि भिसा जारी गर्न अनुरोध गरेको छ जबकि टोकियोले मार्चमा सैनिक 'कू' पछि हटाइएको भनिएका म्यानमारका दुई कुटनीतिज्ञलाई मान्यता दिइराखेको छ। उनीहरूलाई सैन्य सरकारले हटाएको घोषणा गरेपछि पनि उनीहरू जापानमा नै निर्वासित जीवन बिताइरहेका छन्।

स्रोतका अनुसार, 'जापानले यो अनुरोधलाई लिएर 'विचार गरिरहेको' तर जारी गर्ने प्रक्रिया सुरु गर्न बाँकी नै रहेको भन्दै नयाँ कुटनीतिज्ञको नियुक्तिलाई मान्यता दिन अस्वीकार गरेको हो। अधिकारीले 'तात्मादाव' भनिने सेनालाई म्यानमारको वैधानिक प्रशासनिक निकायको रूपमा मान्यता नदिने पनि बताएका छन्।

उनीहरूले दुई प्रतिस्थापित कुटनीतिज्ञलाई टोकियोस्थित म्यानमारको राजदूतावासमा राख्न अनुमति दिने निर्णय फेब्रुअरी १ को सैन्य विद्रोहलाई मान्यता दिनु बराबर हुने जापानले बताएको छ। उक्त सैन्य 'कू'मार्फत् नेतृ आङ सान सुचीको नेतृत्वको म्यानमारको निर्वाचित सरकारलाई पदच्युत गरेको ठहर जापान सरकारको रहेको क्योदो न्युजले सरकारी स्रोतलाई उद्धृत गर्दै बताएको छ।

म्यानमारको सेनाले यहाँको प्रजातान्त्रिक प्रक्रियाबाट निर्वाचित सरकारविरुद्ध विद्रोह गरेको एक महिनापछि दुई जना कुटनीतिज्ञलाई फिर्ता बोलाउने कदमपछि यी घटना भएका हुन्। जापानी अधिकारीको फिर्ता बोलाइएका दुइ कुटनीतिज्ञलाई जापानमै राख्नुपर्ने अडान रहेको बताएका क्योदो न्युजले सरकारी स्रोतलाई उद्धृत गर्दै लेखेको छ।

'हामीले दुवै कुटनीतिज्ञले म्यानमारका लागि जापानमा निरन्तरता दिन सकून् भनेर प्रबन्ध गरेका छौं।' यसैबीच, जापानको अध्यागमन सेवा हेर्ने निकायले म्यानमारका राष्ट्रिय फुटबल गोलकिपर प्योलयान आङलाई पनि शरणार्थी दर्जाको प्रमाणपत्र दिएको छ। उनले स्वदेश फर्किएमा उनलाई दुःख सामना गर्नुपर्ने उल्लेख गरेका छन्। 'असिस्टेन्स एसोसिएसन फर पोलिटेन्ट' कैदीका अनुसार फेब्रअरी १ मा सैन्य कब्जा भएदेखि ९४५ भन्दा बढी मानिसको हत्या भएको छ।

## बेलायती पूर्वप्रधानमन्त्रीद्वारा बाइडेनको आलोचना



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानबाट अमेरिकासहित सहयोगि देशका सेना फिर्ता गर्ने अमेरिकी निर्णयप्रति बेलायतका पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले आपत्ति जनाएका छन्। अफगानिस्तानबाट अमेरिका फिर्ता हुन, 'दुःखद, खतरनाक र अनावश्यक' भएको ब्लेयरको टिप्पणी छ।

अफगानिस्तानबाट सेना फिर्ता गर्ने अमेरिकी राष्ट्रपति जो बाइडनको निर्णयप्रति पहिलो पटक प्रतिक्रिया दिँदै ब्लेयरले अमेरिकी र सहयोगी सेना अफगानिस्ताबाट बाहिरिँदा इस्लामिक अतिवादीले जयजयकार गर्ने मौका मात्र पाउने बताए।

सन् २००१ मा अमेरिकाको न्यूयोर्कस्थित जुम्ल्याहा भवनमाथि अलकायदाले गरेको आक्रमणपछि अमेरिकाले शुरु गरेको आतंकवादविरुद्धको अन्तर्राष्ट्रिय कारबाहीमा ब्रिटेनी प्रधानमन्त्रीरहेका ब्लेयरको पूर्ण साथ रहेको थियो।

'सधैंका लागि युद्ध अन्त्य गर्ने एक असभ्य नाराको पालना गर्ने' नाममा गरिएको यो निर्णय अर्थहीन हुने पनि ब्लेयर चेतावनी दिएका छन्। आतंकवादविरुद्धको लडाईंमा आफूहरुलाई साथ दिनेसबैलाई अफगानिस्तानबाट ननिकाल्दासम्म ब्रिटेन त्यही रहिरहनुपर्ने नैतिक दायित्व हुने पनि उनले उल्लेख गरेका छन्।

## जुलाईमा चीनको कच्चा स्टील उत्पादनमा कमी

**काठमाडौं/एजेन्सी–** चीनको कच्चा स्टीलउत्पादन गत महिना घटेको छ। राष्ट्रिय तथ्यांक विभाग (एनबीएस) को तथ्यांकअनुसार चीनको कच्चा स्टिलको उत्पादन गत महिना घटेको पाइएको हो। 'जुलाईमा देशको कच्ची स्टील उत्पादन ८६.७९ मिलियन टन रहेको छ र यो अघिल्लो बर्षको सोही अवधिको तुलनामा ८.४ प्रतिशत कम हो,' विभागले आफ्नो सूचनामा भनेको छ।

वर्षको पहिलो सात महिनामा कच्चा स्टिलको उत्पादन वर्षमा ८ प्रतिशतले वृद्धि भएर ६४८.३३ करोड टन पुगेको थियो।

## भारतमा हालसम्म तीन करोड २४ लाख बढीमा संक्रमण



**काठमाडौं/एजेन्सी–** भारतमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या आइतबारसम्म तीन करोड २४ लाख २४ हजार २३४ पुगेको संघीय स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्याङ्कले देखाएको छ। भारतभर विगत २४ घण्टाको समयमा ३० हजार ९४८ थप व्यक्तिमा सङ्क्रमण पुष्टि भएको छ। साथै शनिबार बिहानदेखि २४ घण्टाको अन्तरालमा कोभिड-१९ सङ्क्रमित थप ४०३ जनाको मृत्यु भएको छ। यससँगै भारतमा मृत्यु हुने कोभिड-१९ सङ्क्रमितको सङ्ख्या चार लाख ३४ हजार ३६७ पुगेको छ।

विगत २४ घण्टाको अवधिमा अघिल्लो दिनभन्दा सात हजार ९४२ कोभिड-१९ सङ्क्रमित थपिएका छन् भने सङ्क्रमित रहेको कूल व्यक्तिको सङ्ख्या अझै तीन ५३ हजार ३९८ छ। भारतमा पछिल्लो १५३ दिनमा सक्रिय सङ्क्रमितको सङ्ख्या सबैभन्दा कम बनेकोसंघीय स्वास्थ्य मन्त्रालयले बताएको छ।

हालसम्म तीन करोड १६ लाख ३६ हजार व्यक्ति कोभिड सङ्क्रमणपछि निको भएका छन्। विगत २४ घण्टामा निको भई अस्पतालबाट घर फर्किएका विरामीको सङ्ख्या ३८ हजार ४८७ रहेको छ। स्वास्थ्य मन्त्रालयका अनुसार कोभिड-१९ सङ्क्रमण निको हुने व्यक्तिको सङ्ख्या दर बढेर ९७.५७ प्रतिशत पुगेको छ र यो दर सन् २०२० मार्चपछि पहिलो पटक सबैभन्दा बढी हो।

## बढ्दो मूल्य, बैंकिङ सेवा ठप्प भएका कारण काबुलबासी थप अप्ठ्यारो झेल्दै

**काठमाडौं/एजेन्सी–** अफगानिस्तानको राजधानी शहर काबुलमा वस्तुको मूल्यमा व्यापक वृद्धि भएको छ भने बैंकिङ सेवा ठप्प भएको पाइएको छ। गत हप्ता तालिबान समूहले देशव्यापी कब्जा जमाएपछि त्यहाँ देखिएको अनिश्चितताको फाइदा उठाउँदै व्यापारीले वस्तुको मूल्यमा व्यापक वृद्धि भएको छ भने बैंकिङ सेवा ठप्प भएको पाइएको छ।

खामा प्रेसकाअनुसार बैंक बन्द र सबैभन्दा ठूलो पैसा साट्ने बजार साराई शाहजादा बन्द हुँदा काबुलका मानिसले कठिनाइको सामना गरिरहेका छन्। सरकारी अधिकारी तथा अन्य निजी कर्मचारीले पनि आर्थिक समस्याको सामना गरिरहेका छन् किनभने यो महिना समाप्त हुनै लागेको छ र उनीहरूलाई आफ्नो तलबको कुनै छनक छैन।

बैंकहरू बन्द गर्दा मानिसले आफ्नो बैंक खातामा पैसा भएपनि तिनीहरूले आफ्नो रकम झिक्न बैंकिङ पहुँच प्राप्त गर्न सकिरहेका छैनन्। शनिबारको दिन साराई शाहजादाले एक बयानमा बताएअनुसार मुद्रा सटही बजार केन्द्रीय अफगानिस्तानको केन्द्रीय बैंक, अफगानिस्तान-डे अफगानिस्तान बैंकमा प्रत्यक्षरूपमा निर्भर हुने भएकोले उक्त बैंकले सेवा सञ्चालन पुनःआरम्भ नगरेसम्म बन्द रहने खामा प्रेसले अधिकारीलाई उद्धृत गरी उल्लेख गरेको छ।

निजी बैंकले अनिश्चितकालका लागि बन्द रहने घोषणा गरेका बेला सरकारी बैंक खुल्नेबारे कुनै औपचारिक घोषणा भएको छैन। गत हप्ता तालिबानले काबुल कब्जा गरेपछि मानिस राष्ट्र छोड्न दौडधुपमा रहेका ले अफगानिस्तानको अवस्था घट्दै गएको छ। अगष्ट १५ मा राष्ट्रपति अररफ गनीले झडप र सुरक्षाको कारण देखाउँदै विदेश पलायन भएपछि अफगानिस्तानमा अहिले सरकारबिहीन अवस्था रहेको छ।


## INVITATION FOR ONLINE BIDS

**Sidingba Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Sablakhu, Taplejung**

Invitation for Bids for the **Construction Works of Kartike-Salbote-Katuwal Danda-Madibung-Limbudin- Mehele Sadak Bistar ( Back Cutting, Drainage and Maintenance)**

**IFB No: SRMTPJ/NCB/078/079-01**
**Contract Identification No: SRMTPJ/NCB/WORKS/ROAD/078/079-01**
**1st date of publication: 2078/05/07 (23/08/2021)**

1. Sidingba Rural Municipality has allocated funds towards the cost of **Construction Works of Kartike Salbote Katuwal Danda Madibung Limbudin Mehele Sadak Bistar (Back Cutting, Drainage and Maintenance)** and intends to apply part of the funds to cover eligible payments under the Contract ID No. SRMTPJ/NCB/WORKS/ROAD/078/079-01 Bidding is open to all eligible bidders as per Section V of bidding document.
2. **Sidingba Rural Municipality** invites electronic bids from eligible bidders for the construction of works mentioned above under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - **Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years :- Nrs. 4,48,42,000.00**
   - **Minimum Work experience of similar size and nature: 1**
4. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Sidingba Rural Municipality office.
5. Bidders may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders shall deposit **NRs.5000.00** as the cost of bidding document in the following bank.
   Name of the Bank: Laxmi Bank Ltd.
   Name of Office: Sidingba Rural Municipality, Taplejung.
   Office Code no. : 80101507
   Office Account no.: 09303000021 (Sidingba Ga.Pa. Aantrik Rajaswo Khata)
6. Intrested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp. **to office of Sidingba rural Municipality, Taplejung** on or before **12:00 hours on 2078/06/06 (22/09/2021)**. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 2078/06/06 (22/09/2021)** at the office of **Sidingba Rural Municipality, Sablakhu, Taplejung.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to minimum of **NRS 7,50,000.00.** Which shall be valid for **30 days** beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

***Chief Administrative Officer***
***Sidingba Rural Munincipality***

# बक्स अफिस समाचार

## कहिले खुल्ला फिल्म क्षेत्र ?



**लक्ष्मण पोखरेल/मध्यान्ह**
काठमाडौं, ६ भदौ

विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण विश्वभरिकै फिल्म क्षेत्र प्रभावित भएको छ। कोरोना संक्रमण नियन्त्रणका लागि सरकारले जारी गरेको लकडाउन तथा निषेधाज्ञाका कारण गत वर्ष देखि नै थला परेको फिल्म क्षेत्र अझै उठ्न सकेको छैन ।

संक्रमण केही कम भएपछि खुला भएको फिल्म क्षेत्र संक्रमण बढ्न थालेपछि अहिले पुनः ठप्प भएको छ । अहिले बन्द हुनु अगाडि केही समय खुलेको सिनेमा हलमा पनि दर्शकको उपस्थिति न्यून थियो। संक्रमणको त्रासमा मानिसहरु फिल्म हलसम्म जान नै डराएका थिए ।

कोरोना संक्रमणका कारण बन्द भएका केही सिनेमा हल सधैंका लागि बन्द भइसकेका छन् भने अन्य हलको अवस्था पनि दयनीय भइसकेको छ। सरकारले समेत फिल्म क्षेत्रका लागि राहतका कार्यक्रम नल्याएपछि सिनेमा हल देखि निर्देशन निर्माताहरुलगायत सम्पूर्ण फिल्म क्षेत्रसँग सम्बन्धी व्यक्तिहरु प्रभावित भएका छन् ।

यस्तो अवस्थामा अहिलेको प्रमुख आवश्यकता भनेको सरकारको साथ भएको फिल्मकर्मीहरु बताउँछन् । तर सरकारले फिल्म क्षेत्रका गतिविधि खुलाउन कुनै चासो नै नदेखाएको फिल्मकर्मीहरुको गुनासो छ ।

यतिबेला फिल्मकर्मीदेखि दर्शकसम्मको चासो फिल्म क्षेत्र कहिले खुल्छ भन्नेमा छ । कोभिड संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) ले यही भदौ १ गतेदेखि लागू गरेको स्मार्ट लकडाउनको कार्यविधिमा कोरोना संक्रमण दर १५ प्रतिशतभन्दा तल झरेपछि स्वास्थ्य सुरक्षाको मापदण्ड पालन गर्दै सिनेमा हल, फन पार्क, मेला लगायतका मनोरञ्जन क्षेत्र खोल्न सकिने योजना समावेश गरेको छ ।

संक्रमणको अवस्था हेरेर मुलुकलाई रेड, एम्बर, येल्लो र ग्रीन जोनमा विभाजन गर्ने र हाल २४ प्रतिशतमा रहेको संक्रमण दर १५ प्रतिशतमा झरेपछि मनोरञ्जन क्षेत्र खुलाउन सकिने सीसीएमसीको कार्यविधिमा उल्लेख छ। रेड, एम्बर र येल्लो जोनमा मनोरञ्जन क्षेत्रका गतिविधि भर्चुअलको माध्यमबाट मात्र गर्न दिइनेछ भने हरियो जोनमा पुगेपछि फिल्म क्षेत्रले सञ्चालनको अनुमति पाउनेछ ।

सरकारले भौतिक रुपमा फिल्म क्षेत्रका गतिविधि सुचारु गर्न अनुमति नदिए पनि भित्रभित्रै फिल्म निर्माणको काम भने भइरहेको छ । साउन अन्तिममा फिल्म 'लाइफ इन एलए' को छायांकन सकियो । बुधवार अर्को फिल्म 'आँधी तुफान २' ले पनि छायांकन पूरा गरेको छ। त्यस्तै, शनिबारबाट निर्देशक शोभित बस्नेतले 'डाँडाको बरपीपल' फिल्मको छायांकन शुरु भएको छ ।

## वर्षा र सलोनको 'सम्झेर एक्लै'



काठमाडौं/मस- नायिका वर्षा राउत र नायक सलोन बस्नेतले अभिनय गरेको 'सम्झेर एक्लै' बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक भएको छ। मेलिना मैनाली र एसडी योगीको स्वर, एसडी योगीको संगीत, राम अविरल बिष्टको शब्दमा तयार भएको यो गीत सुमधुर छ।

गीतले एक यूवक र एक यूवतीले एक अर्काविच प्रेम भएपछि व्यक्त गरेको भावनालाई प्रस्तुत गरेको छ। भिडियोमा सलोन र वर्षाको गहिरो प्रेम कथालाई देखाइएको छ। विवेक रसाइलीको निर्देशनमा तयार भएको भिडियोमा नवराज उप्रेतीको छायांकन, भूपेन्द्र अधिकारीको सम्पादन छ। भिडियोलाई गज्जबको टिभीले निर्माण गरेको हो ।

## विधानको नेतृत्वमा 'नेपाल म्युजिक भिडियो निर्देशक समाज'



**काठमाडौं/मस-** नेपालका स्थापित म्युजिक भिडियो निर्देशकहरु संस्थगतरुपमा एकीकृत भएका छन्। उनीहरुले शुक्रबार काठमाडौंमा पत्रकार भेटघाट आयोजना गर्दै 'नेपाल म्युजिक भिडियो निर्देशक समाजको घोषणा गरेका छन् । म्युजिक भिडियो निर्देशक विधान कार्कीको अध्यक्षतामा आधिकारिकरुपमा यो संस्था दर्ता गरेर उनीहरुले समाजको पदाधिकारीको घोषणा शुक्रबार गरेका हुन् ।

निर्देशक विधान कार्कीको नेतृत्वमा यो समाजमा १५ जना केन्द्रीय कार्यसमिति गठन गरिएको छ । समाजको प्रथम उपाध्यक्ष देवेन्द्र पाण्डे, द्वितीय उपाध्यक्ष निकेश खड्का, महासचिव सुब्रत राज आचार्य, सचिव हेम प्रभाष अधिकारी, कोषाध्यक्ष दयाराम घिमिरे, सह-कोषाध्यक्ष निशान घिमिरे छन्। यस्तै समाजका केन्द्रीय सदस्यहरु शान थापा, समन अधिकारी, गम्भीर बिष्ट, अनुप चापागाईं, प्रकाश धिताल, बबिता श्रेष्ठ, बिजेश पौडेल र राजेश पुमा राई रहेका छन् ।

नेपाल म्युजिक भिडियो निर्देशक समाजको सल्लाहकारमा गीतकार डब्बु क्षत्री र चलचित्र निर्देशक जनकदिप पराजुली नियुक्त गरिएको छ । यस्तै समाजको प्रेस सल्लाहकार जिवन पराजुली नियुक्त भएका छन् । कार्यक्रममा समाजका पदाधिकारीहरु तथा सल्लाहकार सदस्यलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

समाजको पदाधिकारी घोषणा समोरोहलाई सम्बोधन गर्दै चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले कोरोना महामारीको समयमा मनोरन्जन क्षेत्रलाई बचाउन म्युजिक भिडियोको ठूलो योगदान रहेको बताए । उनले नवगठित निर्देशक समाजका पदाधिकारीलाई पेशागत हकहित र पेशागत मर्यादालाई स्थापित गर्न आग्रह गरे । म्युजिक भिडियो निर्देशक समाजसँग सहकार्य गरेर नीतिगतरुपमा नै अगाडि बढ्न बोर्ड तयार रहेको पनि उनले बताए ।

वर्षेनी अर्बौंको लगानी हुने म्युजिक भिडियो क्षेत्रमा कार्यरत निर्देशकहरु संगठित भई यो क्षेत्रलाई थप व्यावसायिक, मर्यादित र व्यवस्थित बनाउन 'नेपाल म्युजिक भिडियो निर्देशक समाज' गठन गरिएको अध्यक्ष विधान कार्कीले बताए । म्युजिक भिडियो निर्देशकहरुको हक-हितका लागि कार्य गर्ने बताउँदै अध्यक्ष कार्कीले भने, 'पछिल्लो समय वर्षेनी म्युजिक भिडियोमा अर्बौंको लगानी भइरहेको छ। महामारीको समयमा त चलचित्र क्षेत्रलाई समेत म्युजिक भिडियोले बचाइरहेको अवस्था छ। यसैले गर्दा म्युजिक भिडियोलाई थप व्यवस्थित गर्न र निर्देशकहरुको अधिकारका लागि लड्न समाज गठन गरेका हौं।'

अध्यक्ष कार्कीले निर्देशक समाजलाई सबै म्युजिक भिडियो निर्देशकहरुको साझा संस्था बनाउन प्रयास गरिने बताए । उनले अगाडि भने, 'म्युजिक भिडियोका सबै निर्देशकहरुलाई समाजमा गोलबद्ध गर्न प्रयास गर्नेछौं। म्युजिक भिडियो निर्देशकका समस्यालाई समाधान गर्न समाज सधैं अग्रसर रहनेछ ।' उनले चाँडै म्युजिक भिडियोका पहिलो निर्देशक शम्भुजीत बाँस्कोटा र पहिलो मोडल भुवन केसीलाई सम्मान गरिने पनि बताए ।

त्यस्तै, कार्यक्रममा समाजका महासचिव सुब्रतराज आचार्यले म्युजिक भिडियोलाई चलचित्र झैं दर्ता प्रक्रियामा लैजानु पर्नेमा जोड दिँदै भने, 'म्युजिक भिडियो पनि चलचित्रकै एउटा पाटो हो । पछिल्लो समय चलचित्रमा झैं म्युजिक भिडियोमा पनि कथा वाचन शैलीलाई प्राथमिकता दिन थालिएको छ। यसैले चलचित्र विकास बोर्डले म्युजिक भिडियोलाई पनि व्यवस्थित गर्न दर्ता प्रक्रिया शुरु गर्न आग्रह गर्दछु।'

गीत संगीतलाई दर्शकमाझ राम्ररी पुऱ्याउन म्युजिक भिडियोको भूमिकाबारे चर्चा गर्दै विभिन्न अतिथीहरुले नवगठित नेपाल म्युजिक भिडियो निर्देशक समाजका संस्थापन कार्य समितिलाई बधाई तथा शुभकामना ज्ञापन गरे। कार्यक्रममा चलचित्र निर्माता संघका अध्यक्ष आकाश अधिकारी, अग्रज अभिनेता कृष्ण मल्ल, चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, चलचित्र निर्देशक समाजकी अध्यक्ष रक्षा सिंह राणा, निर्देशक समाजकै महासचिव जनकदीप पराजुली, चलचित्र नृत्यकार संघका कार्यकारी अध्यक्ष जनक कार्कीलगायतले नयाँ कार्यसमितिलाई शुभकामना दिए ।

## सचिन रौनियारको 'माया सरर'

**काठमाडौं/मस-** पछिल्लो समय चर्चित डान्सिङ ग्रुप 'द कार्टुन क्रु' जुनियरको अभिनय रहेको गायक सचिन रौनियारको 'माया सरर' गीत म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। जीतेनको शब्द तथा संगीत रहेको गीतको भिडियो कार्टुन क्रुका सरोज अधिकारीले निर्देशन गरेका हुन्। भिडियोमा पेम्बा मगरको कोरियोग्राफी, पवन सुशीलसँगको छायाँकन र सुरोज अधिकारीको सम्पादन छ।

विगत ३ दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा सक्रिय गायक सचिन रौनियारको यसअघिका धेरै गीत दर्शकले रुचाएका छन् ।


**Qatar मा रोजगार | १. कम्पनी : AL GHANIM FENCING FACTORY** शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७४६ LT. No.: 244123

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७०,६४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३२,११० | | | | | | | |

**२. कम्पनी :AL SIDDIQI HOLDING** शहर : Qatar

पूर्व स्वीकृत मितिः २०७८/०५/०४ चलानी नं.: ६०१६१७४५ LT. No.: 244122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 7 | 0 | स. काममा दक्ष | 1400 | ४४,९५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**३. कम्पनी : ROSE BAKERY AND SWEETS** शहर : Doha

पूर्व स्वीकृत मितिः २०७८/०४/२८ चलानी नं.: ६०१६१७७२ LT. No.: 243625

